# शिक्षा रणनैतिक योजना
## (२०७८/०७९ - २०८२/०८३)



## मुगुम कार्मारोङ गाउँपालिका
## मुगु, कर्णाली प्रदेश, नेपाल
## २०७८ असार

# शिक्षा रणनैतिक योजना

(२०७८/०७९ - २०८२/०८३)

मुगुम कार्मारोङ गाउँपालिका

मुगु, कर्णाली प्रदेश, नेपाल

२०७८ असार

# सन्देश

समतामुलक शैक्षिक पहुँच नागरीकको मौलिक अधिकार हो । विश्वका सवै मुलुकहरुले गुणस्तरीय शिक्षामा नागरीकको सहज पहुच स्थापनाका लागि उल्लेख्य लगानी गर्दै आएका छन् । नेपालमा पनि सँवैधानिक व्यवस्था र विभिन्न प्रतिवद्धताहरुको कार्यान्वयन गर्नका लागि सरकारी तथा गैरसरकारी निकायहरु क्रियाशिल रहेका छन् । राज्य पुर्नसँरचना सँगै स्थानिय तह गठन भए पश्चात गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका शैक्षिक सँस्थाहरुको सुधार तथा बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई स्थापित गर्न शिक्षा सम्वन्धि नीतिगत तथा अन्य क्रियाकलापहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको छ ।

गाउँपालिकाको कठिन भुगोल अभिभावकहरुको शिक्षा प्रति न्युन चासो शिक्षक विद्यार्थीको अमिल्दो अनुपात, यार्चागुम्बा लगायतका जडिबुटिहरुको सँकलनमा बालबालिकाहरुको समेत सहभागिता, भारी हिमपात र चिसो गाउँपालिका भित्रका प्रमुख शैक्षिक चुनौतिहरु हुन् । गाउँपालिकाको न्युन स्रोत र साधन र सँघिय सरकारवाट प्राप्त हुने अनुदानमा भर पर्नु पर्ने भएकै कारण शिक्षामा गर्नु पर्ने जति अपेक्षित कार्यहरु गर्न सकिएको छैन । यस परिस्थितीमा गाउँपालिकाले आ.व.०७८ देखी ०८३ सम्म गर्नु पर्ने कार्यहरुको प्राथमिकता निर्धारण गरी गाउँपालिकाको शैक्षिक रणनिती योजना तर्जुमा भएको छ । मुगुम कार्मारोङ गाउँपालिकाको शिक्षा ऐन २०७६ पनि कार्यान्वयनमा आईसकेको स्थितीमा ऐनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्नका लागि यस रणनैतिक योजना र ऐनका विचमा अर्न्तरसम्वन्ध स्थापना गरिएको छ । गाउँपालिका, सम्बन्धित विद्यालय र अन्य सरोकारवालाहरुको अथक प्रयास बाट अनुमति प्राप्त भई स्थापना भएको आवासिय विद्यालय, प्राविधिक धार सहित सँचालन भएको नमुना विद्यालय वुद्ध मा.वि.माँग्री लगायतका महत्वपुर्ण शैक्षिक सँस्थाहरुको भविष्य तर्फ पनि योजनाले स्पष्ट मार्ग दर्शन गरेको छ ।

योजना तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने तथा आफ्ना रचनात्मक सुझावहरु दिनु हुने सम्पुर्ण कर्मचारी, जनप्रतिनिधी, युनाईटेड मिसन टु नेपाल मुगु कलष्टर, करानी सामुदायिक विकास केन्द मुगु प्रति आभारी छु। त्यसैगरी विशेष भुमिका निर्वाह गर्नु हुने शिक्षाविद् डा. सदानन्द कडेल (काठमाडौं) लाई पनि विशेष धन्यवाद दिन चाहान्छु । कुनै पनि योजना त्यति वेला वास्तविक योजना हुन्छ जतिवेला त्यसको प्रभावकारी कार्यान्वयन हुन्छ तसर्थ योजनामा प्राथमिकता निर्धारण गरी प्रत्येक वर्षका लागि तर्जुमा गरिएका क्रियाकलापहरुको चरणवद्ध कार्यान्वयन गर्नका लागि गाउँपालिकावाट आवाश्यक व्यवस्था मिलाउने प्रतिवद्धता सहित योजनाको प्रभावकारी कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दै सवै सरोकारवालाहरु सँगको निरन्तर सहकार्यको अपेक्षा गर्दछु । धन्यवाद ।

छिरिङ क्याप्ने लामा

अध्यक्ष

# सन्देश

शिक्षा सामाजिक आर्थिक रुपान्तरणको माध्यम हो । शैक्षिक विकास विना अन्य विकासहरु सँभव छैन । शिक्षा सुखी तथा खुशी जीवन यापनको माध्यम पनि हो । शिक्षा जिवन पर्यन्त प्रक्रिया हो । प्रत्येक व्यक्तिसँग विशेष तथा अन्य मानिसहरु भन्दा फरक क्षमता छ । शिक्षाले मानिसका ति अर्न्तरनिहित क्षमताहरुलाई प्रष्फुटन गरी त्यसको पुर्ण उपयोग गर्न सघाउँछ । मुलुकको सर्वाङ्गिण विकासका लागि शैक्षिक विकास पहिलो शर्त हो । समातामुलक शैक्षिक पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता विश्वव्यापी साझा शैक्षिक मुद्दा हो । नेपालको सन्दर्भमा शैक्षिक गुणस्तर दोस्रो पक्ष हो पहिलो कुरा त सवै बालबालिकाहरुलाई शैक्षिक पहुँच स्थापना गर्नु नै चुनौतीपुर्ण छ । विद्यालय उमेर समुहका २ प्रतिशत बालबालिकाहरु हालसम्म पनि विद्यालय शिक्षाको पहुँच भन्दा बाहिर छन् । तिनहरुलाई विद्यालयमा ल्याउन तथा टिकाउन निकै चुनौतीपुर्ण छ । विद्यालय शिक्षासम्मको व्यवस्थापनको जिम्मा स्थानिय तहहरुलाई प्रदान गरिएको भएपनि स्थानिय तहहरुमा भएको जनशक्ती अभाव आवाश्यक नीति तथा कानुनहरुको अभाव, जनप्रतिनिधी र कर्मचारी सँयन्त्र विचको फरक ईच्छा चाहना र न्युन स्रोत जस्ता कारण शैक्षिक विकासले अपेक्षित गति लिन सकिराखेको छैन ।

गाउँपालिका भित्रको वर्तमान शैक्षिक स्थितीलाई अध्ययन गरी आगामी ५ वर्षमा गाउँपालिका भित्रको विद्यालय शिक्षाको स्तरलाई कहाँ पुर्‍याउने भन्ने हेतुले ५ वर्षे शैक्षिक रणनैतिक योजना निर्माण भएकोमा खुशी लागेको छ । वास्तविक अवस्थाको अध्ययन गरी आगमी गन्तव्य निर्धारण गर्नु पनि आफैमा एक उपलब्धि हो । यसले गाउँपालिकाको आगामी शैक्षिक मार्गलाई स्पष्ट पारेको छ । शैक्षिक क्षेत्रको विकासले अपेक्षित गति लिन नसकेको बर्तमान परिस्थितीमा शिक्षा जस्तो महत्वपुर्ण पक्षलाई आवधिक योजना मार्फत रणनिती निर्धारण गरी शैक्षिक सेवा प्रवाहलाई व्यवस्थित गर्न खोजिएको छ । यस महत्वपुर्ण कार्यमा सम्पुर्ण सरोकारवालाहरुको साथ सहयोगको अपेक्षा सहित योजना कार्यान्वयनका लागि गाउँपालिका प्रतिवद्ध रहेको अवगत गराउन चाहन्छु । अन्त्यमा योजना तर्जुमा कार्यमा आर्थिक, प्राविधिक सहयोग लगायत आवाश्यक सल्लाह, सुझाव प्रदान गर्नु सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि सवैको सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

छिरिङ तामाङ
उपाध्यक्ष

# प्राक्कथन

अपेक्षित उद्देश्य प्राप्तिको मार्ग दर्शक दस्तावेज नै योजना हो । योजनाले अन्तिममा प्राप्त गर्ने उपलब्धि र सो को प्राप्तिका लागि समयसिमा र मार्ग स्पष्ट पारेको हुन्छ । गाउँपालिकाको आर्थिक, मानविय तथा अन्य स्रोत साधन र वर्तमान शैक्षिक अवस्थाको अध्ययन तथा विश्लेषण गरी तर्जुमा गरिएको शैक्षिक रणनैतिक योजनाले शिक्षा सम्वद्ध सवै सरोकारवालाहरुको एकिकृत प्रयासका लागि आवाह्न गरेको छ । गाउँपालिका भित्र जम्मा १७ वटा सामुदायिक र १ सँस्थागत विद्यालय सँचालनमा छन् । भौगोलिक अनुपातका हिसावमा २१०० वर्ग मिटर क्षेत्रफल १८ वटा विद्यालयको सेवा क्षेत्र हो । यसरी अमिल्दो भौगोलिक तथा विद्यालय अनुपात र अधिकांश विद्यालयहरु आधारभुत तहको कक्षा १ देखी ३ सम्म मात्र सँचालनमा रहनुले गाउँपालिका भित्रका सवै बालबालिकाहरुलाई आधारभुत तहको शैक्षिक पहुँच स्थापना गर्नु चुनौतीपुर्ण छ । आधारभुत तहको कक्षा ३–५ वाटै कक्षा छाड्ने र वौद्ध तथा गुम्वा शिक्षा प्रतिको आर्कषण औपचारीक शिक्षा प्रणालीको अर्को चुनौती हो । मानविय पुजी निर्माणको मुख्य साधन शिक्षाको विकास विना अन्य विकास संभव छैन । गुणस्तरीय शिक्षा मार्फत मानविय चेतनाको निर्माण गरी अन्य विकासका गतिविधीहरुलाई तिव्रता दिनका लागि सरकारी तथा गैरसरकारी सँघ सँस्था तथा निकायहरुका एकिकृत प्रयास मार्फत शैक्षिक स्तर उकास्नका लागि विद्यमान परिस्थितीमा टेकेर आगामी गन्तव्य र शैक्षिक गतिविधीहरु तय गर्नु पर्ने आवाश्यकतालाई महशुस गरी गाउँपालिकाको ५ वर्षे शैक्षिक रणनैतिक योजना निर्माण गरिएको छ ।

उल्लेखित परिस्थितीमा सवै बालबालिकाहरुको शैक्षिक पहुच स्थापना गर्नका लागि वाल विकास केन्द्र देखी माध्यमिक तहसम्मका विद्यालय उमेर समुहका सवै वालवालिकाहरुलाई विद्यालयमा ल्याउने र टिकाउने तर्फ योजनाले स्पष्ट रणनिती लिएको छ । प्राविधिक धार सहित संचालन भएको गाउँपालिकाको एक मात्र माध्यमिक विद्यालयलाई नमुना माध्यमिक विद्यालयका रुपमा संचालन गर्न, शैक्षिक गुणस्तर सुधार, गाउँपालिका भित्र वौद्ध शिक्षा अध्ययनको अवसर प्रदान गर्ने, शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धी लगायतका विषयहरुमा योजनाले मार्ग स्पष्ट पारेको छ । आगमी ५ वर्षमा तय गरिएको गन्तव्यमा पुग्नका लागि गाउँपालिकाको शैक्षिक नीति र हरेक वर्ष तर्जुमा हुने वजेट तथा कार्यक्रमहरुको आपसी तालमेल कायम गराउनका लागि रणनैतिक योजनाले महत्वपुर्ण सहयोग गर्ने छ । योजनामा निर्धारित क्रियाकलापहरुको कार्यान्वयन मार्फत शैक्षिकस्तर वृद्धी गर्नका लागि सम्पुर्ण व्यक्तित्व तथा निकायहरुको अर्थपुर्ण सहभागिताको अपेक्षा गर्दछु । धन्यवाद ।

शुवास चन्द्र रावल

शाखा अधिकृत (शिक्षा)

# बिषयसूची

सन्देश
सन्देश
प्राक्कथन

१. पृष्ठभूमि र परिवेश ..... ७
 १.१ पृष्ठभूमि ..... ७
 १.२ मुगुम कार्मारोङ गाउँपालिकाको भौगोलिक परिवेश ..... ८
 १.३ राजनैतिक परिवेश ..... १०
 १.४ आर्थिक परिवेश ..... १०
 १.५ जनसांखिक, सामाजिक तथा सांस्कृतिक परिवेश ..... ११
 १.६ शैक्षिक परिवेश : गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था ..... ११

२. प्रमुख समस्या ..... २०

३. प्रमुख चुनौती र अवसर ..... २२

४. दूरदृष्टि/सोच, लक्ष, उद्देध्य ..... २३

५. रणनीति तथा कार्यनीतिहरु ..... २४

६. प्रमुख कार्यक्रम ..... २९
 ६.१. प्रारम्भिक बाल विकास सहित आधारभुत शिक्षा ..... २९
 ६.२. प्राविधिक तथा व्यवसायिक सहित माध्यमिक शिक्षा ..... २९
 ६.३. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ ..... ३३

७. अन्तर सम्बन्धित बिषयहरु (Cross–cutting themes) ..... ३४

८. मूख्य कार्यसम्पादन सूचकहरू ..... ३८

९. पाँच बर्षे कार्य योजना ..... ४०

१०. रणनैतिक योजनाको अनुगमन, सिंहावलोकन, संसोधन र मुल्यांकन ..... ४५

सन्दर्भ सामग्री ..... ४६

# १. पृष्ठभूमि र परिवेश

## १.१ पृष्ठभूमि

संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (सन् १९४८) मा 'प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुनेछ' भनिएको छ । बाल अधिकार सम्बन्धी महासन्धी (सन् १९८९) मा शिक्षालाई बाल अधिकारको रुपमा जोड दिंदै राज्यपक्षले समान अवसरको आधारमा शिक्षा पाउने बालबालिकाको आधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख छ । नेपालको संविधान (वि. सं. २०७२) को धारा ३१ मा 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुने' र 'प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने' (धारा ३९) कुरा उल्लेख गरिएको छ । साथै, संविधानमा (धारा ३१) 'अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकहरुलाई कानुन बमोजिम निस्शुल्क उच्च शिक्षा पाउने हक हुने र दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमिजोम निस्शुल्क शिक्षा पाउने हक हुने' कुरामा जोड दिइएको छ । 'मातृभाषामा शिक्षा पाउने हक', तथा दलित विद्यार्थीलाई प्राथमिक देखी उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृति सहित निशुल्क शिक्षाको व्यवस्था' (धारा ४०) को पनि प्रत्याभूति दिइएको छ ।

शिक्षा प्राप्त गर्नु पाउनु हरेक व्यक्तिको अधिकार मात्र नभई अन्य मानव अधिकारहरु प्राप्त गर्नको लागि पनि शिक्षा भरपदी माध्यम हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएकोले देशको समृद्धि र विकासको मेरुदण्ड हो । सृजनशीलता, रचनात्मकता तथा आलोचनात्मक चेत भएका असल नागरिक तयार गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने शिक्षा आत्मनिर्भरता, रोजगारी, उद्यमशीलता र पेशागत विकासको आधार समेत हो । सभ्य नागरिक एबं ज्ञानमा आधारित समाजको निर्माण, दिगो शान्ति र समृद्धिका लागि समेत शुक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आएको छ । मुगुम कार्मारोङ गाउँपालिका नागरिकको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि प्रतिबद्ध छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा समाविष्ट गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि माध्यमिक तह सम्मको शिक्षाको लागि स्थानीय तहले आवस्यक नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्यांकन र नियमनको जिम्मेवारी दिएको छ ।

सन् २०१५ सम्मको लागि तय गरिएको सहश्राब्दी विकास लक्ष्यको उपलब्धिलाई आधार लिदै सन् २०३० सम्मका लागि तय गरिएको विश्वव्यापी दिगो विकासका १७ वटा लक्ष्यहरु अन्तर्गत लक्ष्य नं. ४ मा सबैका लागि समाबेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्दन गर्ने कुरा उल्लेख गरिएको छ । नेपाल पनि यसको पक्ष राष्ट्र हुनुका साथै विद्यालय क्षेत्र सुधार योजनाको (School Sector Improvement Plan) अनुभव र उपलब्धिलाई समेत आधार मानी

विद्यालय क्षेत्र विकास योजना - वि. सं. २०७३।०७४- २०७९।०८० (School Sector Development Plan) कार्यान्वयन गरीरहेको  तथ्य सर्वबिदितै छ ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तयार गरेको र हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना (०७६।७७ - २०८०।८१) ले शिक्षा क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धी स्पष्ट रुपमा मार्ग निर्देश गरेको छ । साथै, उक्त योजनाले 'दिगो विकासका लक्षहरुको कार्यान्वयनलाई मध्यनजर गरी तहगत योजनाहरु तर्जुमा गरिने र दीर्घकालीन सोच कार्यान्वयन गर्न बिषय क्षेत्रगत गुरु योजना तर्जुमा गरिने' कुरामा जोड दिएको छ । यसका अतिरिक्त राष्ट्रिय योजना आयोगले प्रादेशिक र स्थानीय तहका योजनाहरु विच सामन्जस्यता कायम गर्न मद्दत पुर्याउनको लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) बनाएको छ । जसले स्पष्टसंग 'नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम संघीय योजना र आ(आफ्नो प्रदेशको आवधिक योजनासंग तादात्म्यता हुने गरी स्थानीय तहको आवधिक योजना निर्माण गर्न' निर्देशन दिएको छ ।


माथी उल्लेखित पृष्ठभूमिमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, पन्ध्रौं योजना, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निशुल्क शिक्षा ऐन, संघीय तथा प्रदेश सरकारका अन्य नीति तथा कार्यविधिहरु एबम नीति तथा कार्यक्रमसंग तादात्म्यता कायम गर्दै शिक्षा ऐन, नियमावली, निर्देशिका तथा मापदण्ड, कार्यविधि तथा रणनैतिक योजना बनाएर र सोही अनुसार कार्यान्वयन गर्दै हरेक मुगुम कार्मारोङ वासीको शिक्षाको हक सुनिश्चित गर्न मुगुम कार्मारोङ गाउँपालिका प्रतिबद्ध छ । मुगुम कार्मारोङ गाउँपालिकाले शिक्षा ऐन, २०७६ पारित गरेर लागु गरी रहेको छ भने सबै बालबालिकाको प्रारम्भिक बाल विकासरपुर्व प्राथमिक शिक्षा, आधारभूत शिक्षामा अनिवार्य रुपमा समतामुलक पहुँच सुनिश्चित गर्न र गुणस्तर सुधार गर्न, हरेक तहमा बालबालिकाको सिकाई उपलब्धि वृद्धि गर्न, असाक्षरहरुलाई दुई बर्ष भित्रै साक्षर बनाउन, प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्न, आधारभूत तथा माध्यमिक शिक्षामा छोड्ने संख्या न्यूनीकरण गरी तह पुरा गर्नेहरुको प्रतिशतमा उल्लेखनीय रुपमा प्रगति गर्न र समग्र रुपमा शैक्षिक सुशासन कायम गरी शिक्षाको अपेक्षित उपलब्धी हासिल गर्नको लागि पाँच बर्षे रणनैतिक योजनाको आवस्यकता खट्किएको हुनाले नै यस गाउँपालिकाको शिक्षा रणनैतिक योजना तयार गरी कार्यन्वयनमा ल्याएको छ ।

## १.२  मुगुम कार्मारोङ गाउँपालिकाको भौगोलिक परिवेश

कर्णाली प्रदेशको मुगु जिल्लामा रहेका ४ वटा स्थानीय तहहरु मध्यको एक मुगुम कार्मारोङ गाउँपालिका जिल्लाकै सबैभन्दा ठुलो स्थानीय तह हो । यसमा साविकका ५ वटा गाउँ विकास समितिहरु मुगु, डोल्फु, किम्री, पुलु र मांग्री समाविष्ट छन् । क्षेत्रफलको हिसाबले देशभरकै सवभन्दा ठुला ५ स्थानीय तहहरु मध्यमा एक हो मुगुम कार्मारोङ गाउँपालिका । मुगु जिल्लाको सदरमुकाम गमगढीबाट उत्तर पूर्व तिर पर्ने यो गाउँपालिकाको उत्तरी सिमानामा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ भने पूर्वतिर फोक्सुन्डो

गाउँपालिका, डोल्पा जिल्ला पश्चिममा मुगुकै छायाँनाथ रारा नगरपालिका र चंखेली गाउँपालिका, हुम्ला जिल्लास र दक्षिणमा जगदुल्ला गाउँपालिका, डोल्पा र पातरासी गाउँपालिका, जुम्ला जिल्ला पर्दछ ।

मुगुम कार्मारोङ गाउँपालिकाले मुगु जिल्लाको कुल क्षेत्रफल ३५३५ वर्ग किलो मिटरको करिब ६० प्रतिशत भूभाग अर्थात् करिब २१०७ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । संघीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालयले पूर्वाधार तथा सामाजिक विकासका आधारमा गरेको बर्गिकरणमा यो पालिका अति दुर्गम 'क' बर्गमा पर्दछ । यो गाउँपालिकाका ९ वडाहरु मध्ये वडा नम्बर १ र २ तिब्बतसंग जोडिएका र भौगोलिक आकारमा निकै ठुला र अति दुर्गम क्षेत्रमा पर्दछन् । गाउँपालिकाको माथिल्लो भेगमा बाह्रै महिना हिउँ पर्दछ । जम्मा ९ वटा वडाहरु रहेको यो गाउँपालिकाको केन्द्र पुलु, जिल्लाको सदरमुकाम गमगढीबाट ३५ किलोमिटरको दुरीमा पर्दछ । यो गाउँ पालिकामा हालसम्म पनि सडक जोडिन सकेको छैन । मुख्य ढुवानीको साधनको रुपमा खच्चडको प्रयोग हुने गरेको छ ।



पुर्व तिर सेफोक्सुन्डो गाउँपालिका डोल्पा, पश्चिममा छाँयानाथ रारा नगरपालिका मुगु र चंखेली गाउँपालिका हुम्ला, उत्तरमा चीनको स्व(शासित क्षेत्र तिब्बत र दक्षिणमा जगदुल्ला गाउँपालिका, डोल्पा जिल्ला र पातरासी गाउँपालिका, जुम्ला जिल्ला रहेको मुगुम कार्मारोङ गाउँपालिकाले मुगु जिल्लाको कुल क्षेत्रफल ३५३५ वर्ग किलो मिटर को करिब ६० प्रतिशत भूभाग अर्थात् करिब २१०७ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ भने वि. सं. २०६८ को जनगणना अनुसार ५३९६ जनसंख्या रहेको छ ।

## १.३ राजनैतिक परिवेश

नेपालको संविधानले नेपाललाई ‘स्वतन्त्र, अविभाज्य, सार्बभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समाबेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा परिभाषित गरेको छ । संघीय संरचना अनुसार हाल संघीय, प्रादेशिक र स्थानीय तहमा स्वायत्त रुपमा सरकार संचालनमा आइरहेको छ । वि. सं. २०७४ सालको बैशाखमा स्थानीय तहमा निर्वाचन पश्चात विभिन्न ४ वटा दलका चुनिएका प्रतिनिधिहरुले स्थानीय तहमा सरकार संचालन गरिरहेका छन् । यो गाउँ पालिकाको ९ वटै वडामा वडा कार्यालय मार्फत जनसेवा र विकास निर्माणका कामहरु अगाडी बढाईरहेको छ । गाउँ सभाबाट ऐन कानुन समेत पारित गर्ने अधिकारको अभ्यास भैरहेकोले स्थानीय जनताले व्यवस्थापिका संसद गाउँमै आएको अनुभब गर्न पाएका छन् ।

## १.४ आर्थिक परिवेश

मुगुम कार्मारोङ गाउँपालिकाका वासिन्दाहरुको मुख्य पेशा कृषि र पशुपालन हो, मुख्य बालीहरुमा आलु, धान, मकै, कोदो, गहुँ, फापर, जौ, उवा, चिनु, चुली र कागुनो पर्दछन् । फलफुल खेतीमा स्याउ, कागती र निबुवा मुख्य छन् । पशुपालन अन्तर्गत बाखा, गाई, भैसी, चौरी र खच्चड आदि पाल्ने चलन पुरानो हो । कृषि व्यावसाय र पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसकिएको अवस्था छ । केही युवाहरु बैदेशिक रोजगारीमा पनि गएका छन् भने दैनिक ज्याला मजदुरी गरेर परिवार पाल्नेहरु पनि छन् शिक्षण तथा अन्य पेशामा जागिर गर्ने महिला तथा पुरुषको संख्या पनि कमि नै छ । पर्यटनबाट प्रशस्त आय आर्जन गर्न सकिने सम्भावना भएपनि त्यसलाई प्रभावकारी ढंगले विकास गर्न सकिएको छैन । गाउँपालिकाको नीति तथा कार्यक्रममा होम स्टेको व्यवस्था गरी पर्यटकको ध्यान तान्न कोशिस गरिएको भएपनि अझै आम्दानीको राम्रो स्रोतको रुपमा होम स्टेको विकास हुन सकेको छैन ।

## १.५ जनसांखिक, सामाजिक तथा सांस्कृतिक परिवेश

मुगुम कार्मारोङ गाउँपालिकामा जम्मा ११६६ घरधुरी र जनसंख्या ६०४१ (३०४३ महिला र २९९८ पुरुष) रहेको छ । जनजाति (लामा, तामांग), क्षेत्री, र दलित (विश्वकर्मा) आदि जातिहरु वसोवास गर्ने यो गाउँपालिकामा सामाजिक सद्भाव र मेलमिलाप राम्रो छ । विभिन्न जाति जनजातिका आफ्नै खालका संस्कृति, परम्परा, रीतिरिवाज, चाडपर्व, भेषभुषा छन् । गाउँपालिकामा अवश्थित प्रसिद्द छाँयानाथ धाम धार्मिक पर्यटनको आकर्षणको रुपमा रहेको छ ।

**तालिका १. गाउँपालिकाको जनसंख्या**

| वडा | घर परिवार | जनसंख्या | | | औसत परिवार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | १३६ | ३६३ | ३४६ | ७०९ | ५.२१ | |
| २ | ९१ | २७० | २८८ | ५५८ | ६.१३ | |
| ३ | ३१ | ९१ | ९२ | १८३ | ५.९६ | |
| ४ | ९४ | २६२ | २२५ | ४८७ | ५.१८ | |
| ५ | १२९ | २९८ | ३०० | ५९८ | ४.६४ | |
| ६ | १०२ | २६३ | २७७ | ५४० | ५.२९ | |
| ७ | १९१ | ४९२ | ४७० | ८९३ | ४.६८ | |
| ८ | १८२ | ४६८ | ४२५ | ९६२ | ५.२८ | |
| ९ | २१० | ५३४ | ५७५ | ११०९ | ५.२८ | |
| जम्मा | ११६६ | ३०४३ | २९९८ | ६०४१ | ५.१९ | |

*स्रोत: घरपरिवार सर्वेक्षण, २०७६*

## १.६ शैक्षिक परिवेश : गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था

### १.६.१ हालको साक्षरताको अवस्था

आ.व.०७६।०७७ का लागि सँञ्चालन गरिने गाउँपालिका साक्षरता अभियानका लागि गाउँपालिका क्षेत्र भित्र सँञ्चालनमा रहेका ३ वटा सामुदायिक सिकाई केन्द्रहरु मार्फत गरिएको घरधुरी सर्वेक्षण २०७६ अनुसार गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने १५ देखी ५९ वर्षको कुल जनसँख्या ३२३० रहको छ यस भन्दा अघि अनौपचारीक शिक्षा केन्द्र वाट सँचालन हुने साक्षरता तथा प्रौढ कक्षामा सहभागी भएका तथ्याङ्क लाई समेत आधार मान्दा सो उमेर समुहको साक्षरतादर ६४ प्रतिशत रहेको देखिन्छ यस समुहका

३६ प्रतिशत अर्थात कुल १२१८ जना निरक्षर रहेको देखिन्छ। सँख्यात्मक हिसावमा सवै भन्दा वढि निरक्षर वडा न ५ मा २५१ जना रहेका छन भने सवै भन्दा कम वडा न ३ मा ५१ जना रहेका छन यस सम्बन्धि वडागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २ : वडाअनुसार साक्षरताको अवस्था**

| वडा नं. | १५ देखी ५९ वर्ष उमेर समुहको साक्षरताको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|
| | साक्षरहरुको सँख्या | निरक्षरको सँख्या | जम्मा | साक्षरता प्रतिशत | निरक्षरता प्रतिशत | जम्मा |
| १ | १६१ | १३३ | २९४ | ५४.७६ | ४५.२४ | १०० |
| २ | ८३ | ७० | १५३ | ५४.२४ | ४५.७५ | १०० |
| ३ | ६३ | ४० | १०४ | ६०.५७ | ३९.४२ | १०० |
| ४ | १५४ | ११५ | २६९ | ५७.२४ | ४२.७५ | १०० |
| ५ | ३६१ | २२० | ५८१ | ६२.१३ | ३७.८६ | १०० |
| ६ | २०५ | १०१ | ३०६ | ६६.९९ | ३३.१० | १०० |
| ७ | ३०९ | १८७ | ५०६ | ६३.०४ | ३६.९६ | १०० |
| ८ | २४६ | १९५ | ४४१ | ५५.७८ | ४४.२१ | १०० |
| ९ | ४२० | १५६ | ५७६ | ७२.९१ | २७.०८ | १०० |
| जम्मा | २०१२ | १२१८ | ३२३० | ६२.२९ | ३७.७१ | १०० |

*स्रोत: घरपरिवार सर्वेक्षण, २०७६*

### १.६.२ शैक्षिक संस्था सम्बन्धी विवरण

गाउँपालिका क्षेत्र भित्र कुल १८ वटा शैक्षिक संस्थाहरु सँचालनमा रहेका छन् जसमध्ये आधारभुत तहसम्मको मात्र अध्ययन अध्यापन हुने १७ वटा तथा माध्यमिक तहसम्म अध्ययन अध्यापन हुने १ विद्यालय रहेको छ। आधारभुत तहसम्मको अध्ययन हुने १७ मध्ये शैक्षिकशत्र २०७५ वाट सँञ्चालनमा आएको श्री नेपाल राष्टिय आधारभुत आवासिय विद्यालय ताखाले भविष्यमा माध्यमिक तहसम्मको अध्यापन गराउने दिर्घकालिन लक्ष्य सहित शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत अनुमति प्राप्त गरी आवासिय सुविधा सहितको कक्षा सँञ्चालन प्रारम्भ गरेको छ। गाउँपालिका भित्रको शैक्षिक सँस्था सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**तालिका ३: शैक्षिक संस्था सम्बन्धी विवरण**

| क्र.स. | कक्षा १–३ सँचालित | कक्षा १–५ सँचालित | कक्षा ८ सम्म सँञ्चालित | कक्षा १२ सम्म सँञ्चालित | किसिम | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | सामुदायिक | सँस्थागत | |
| १ | १३ | १ | ३ | १ | १७ | १ | १८ |
| जम्मा | १३ | १ | ३ | १ | १७ | १ | १८ |

*स्रोत: IEMIS २०७६*

### १.६.३ बाल विकास केन्द्र र बालबालिकाहरूको विवरण

यस गाउँपालिका क्षेत्रभित्र १४ वटा सामुदायिक बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन । जहाँ १९१ जना बालबालिकाले बाल विकास केन्द्रको अनुभव लिइरहेको पाइन्छ । यस सम्बन्धी वडागत तथा वाल विकास केन्द्रगत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४: सामुदायिक बाल विकास केन्द्रमा अनुभव लिइरहेका बालबालिकाहरूको विवरण**

| क्र.सं. | वाल विकास केन्दको नाम | वडा नम्बर | कोठा संख्या | | खेलमैदान क्षेत्रफल (वर्ग मी.) | कम्पाउण्ड वालको किसिम | शद्धगरिएको खानेपानी | बालबालिका संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पक्की | कच्ची | | | | बालक | बलिका |
| १ | वा.वि.के.छायल | ९ | – | १ | – | छ | छैन | ५ | १ |
| २ | वा.वि.के.चिमाथ | ९ | – | १ | – | छ | छ | ४ | १२ |
| ३ | वा.वि.के.माँग्री | ८ | – | १ | – | छ | छैन | ५ | ५ |
| ४ | वा.वि.के.पाँपु | ९ | – | १ | – | छ | छैन | ९ | ८ |
| ५ | वा.वि.के.रिउस | ६ | – | १ | – | छ | छैन | १४ | ७ |
| ६ | वा.वि.के.पुअ | ६ | – | १ | – | छैन | छैन | ० | ३ |
| ७ | वा.वि.के.दाउरा | ५ | – | १ | – | छ | छैन | ४ | ४ |
| ८ | वा.वि.के.सेरोग | ५ | – | ४ | – | छ | छैन | ११ | १० |
| ९ | वा.वि.के.कार्ति | ४ | – | १ | – | छैन | छैन | ४ | १० |
| १० | वा.वि.के.किम्री | ४ | – | १ | – | छैन | छैन | १३ | १५ |
| ११ | वा.वि.के.मुगु | २ | – | १ | – | छैन | छैन | १३ | ८ |
| १२ | वा.वि.के.ताखा | ३ | – | १ | – | छ | छैन | १ | ० |
| १३ | वा.वि.के.खारी | ३ | – | १ | – | छैन | छैन | ० | ३ |
| १४ | वा.वि.के.मह | ७ | – | १ | – | छैन | छैन | ५ | ११ |
| जम्मा | | | | १४ | | | | ९५ | ९६ |

*स्रोत: IEMIS २०७६*

## १.६.४ विद्यालयतहमा अध्ययन गरिरहेका तहगत छात्र छात्राको विवरण

तालिका ५: विद्यालयतहमा अध्ययन गरिरहेका तहगत छात्र छात्राको विवरण

| क्र. सं. | विद्यालयको नाम | किसिम (सामु./ निजि | वडा | तह | शिक्षक संख्या | | विद्यार्थी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | केटी | केटा | जम्मा | दलित | जनजाती | अपाङ्गता | अन्य |
| १ | कान्जिरोवा प्रावि, डोल्फु | सामु. | १ | ०-५ | ० | ३ | २७ | २० | ४७ | ८ | ३९ | ० | ० |
| २ | नेरा प्रावि, ताखा | सामु. | ३ | ०-५ | २ | ४ | १४२ | ७१ | २१३ | १२ | १७२ | २ | २९ |
| ३ | अबलांग प्रावि, कार्ति | सामु. | ३ | ०-३ | १ | १ | १५ | १६ | ३१ | ० | ३१ | ० | ० |
| ४ | नेरा प्रावि, खारी | सामु. | ३ | १-३ | १ | १ | ३ | ६ | ९ | ० | ९ | ० | ० |
| ५ | छायाँनाथ आवि, किम्री | सामु. | ४ | १-३ | १ | २ | १६ | १६ | ३२ | ० | ३१ | ० | १ |
| ६ | सरस्वति प्रावि, सेरोगा | सामु. | ५ | ०-३ | १ | २ | १६ | २४ | ४० | ६ | ३४ | ० | ० |
| ७ | जनकल्याण प्रावि, महा | सामु. | ८ | १-५ | ० | ३ | ४२ | ४४ | ८४ | ३ | ८१ | ० | ० |
| ८ | नेरा आवि, छल्ला | सामु. | ९ | ०-८ | ० | ६ | ६३ | ५१ | ११४ | २ | ५ | ४ | १०३ |
| ९ | नेरा प्रावि, पान्पु | सामु. | ९ | ०-५ | १ | २ | ४३ | ४९ | ९२ | २ | २ | ० | ८८ |
| १० | आनन्द आवि, चिमठ | सामु. | ९ | १-८ | १ | २ | ५१ | ४२ | ९३ | ९ | ० | ० | ८४ |
| ११ | बुद्ध मावि, मांग्री | सामु. | ८ | ०-१२ | १ | ९ | २१९ | २०३ | ४२२ | ८० | २३९ | ० | १०० |
| १२ | जनजागृति प्रावि | सामु. | २ | ०-३ | ० | १ | १२ | १५ | २७ | १४ | १२ | ० | १ |
| १३ | महाने प्रावि, दौरा | सामु. | ५ | ०-३ | ० | १ | २४ | १५ | ३९ | १ | ३६ | ० | १ |
| १४ | नेछेन प्रावि, पुवा | सामु. | ५ | ०-३ | ० | २ | ९ | ८ | १७ | ० | १७ | ० | ० |
| १५ | नेरा प्रावि, रिउश | सामु. | ५ | ०-३ | ० | १ | ८ | २० | २८ | ३ | २३ | ० | २ |
| १६ | सरस्वति आवि, पुलु | सामु. | ६ | ६-८ | ० | २ | ५२ | २७ | ७९ | ३ | ६८ | ० | ८ |
| १७ | नेरा प्रावि, चिताई | सामु. | १ | १-३ | ० | २ | १९ | ११ | ३० | ० | ३० | ० | ० |
| १८ | बुद्ध एजुकेसन एकेदेमी, महा | निजि | ७ | ०-३ | १ | ४ | २८ | ३४ | ६२ | ३ | ५७ | ० | २ |
| | | | | जम्मा | १० | ४८ | ७८९ | ६७२ | १४५९ | १४६ | ८८६ | ६ | ४१९ |

स्रोत: विद्यालय रिपोर्ट कार्ड २०७७

गाउँपालिका भित्रका सबै विद्यालयमा वालविकास देखी कक्षा १२ सम्म कुल १४५९ जना विद्यार्थी अध्ययनरत छन जस मध्ये सबै भन्दा वढि आधारभुत तहमा ९८२ जना छन भने सबै भन्दा कम माध्यमिक तहको कक्षा ९ देखी १२ मा १४३ जना मात्र देखिन्छन । यस सम्वन्धि वाँकी विवरण तलको तालिका उल्लेख गरिएको छ ।

**तालिका ६: विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण**

| विद्यालयको प्रकार | आधारभूत (१–८) | | | माध्यमिक (९–१२) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत तह | ४१८ | ३२७ | ७४५ | ० | ० | ० | ४८० | ३९३ | ८७३ |
| माध्यमिक तह | ९४ | ९५ | १८९ | ७७ | ६६ | १४३ | १७६ | १६६ | ३४२ |
| संस्थागत विद्यालय तर्फ | २६ | २२ | ४८ | ० | ० | ० | ५५ | ४४ | ९९ |
| जम्मा | ५३८ | ४४४ | ९८२ | ७७ | ६६ | १४३ | ७११ | ६०३ | १३१४ |

*स्रोत: IEMIS २०७६*

## १.६.५ वौद्ध शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुको विवरण :

गाउँपालिका को वडा न.९ वाहेक अन्य सवै वडाहरुमा वौद्ध धर्मालम्वीहरुको वसोवास छ । साधारण औपचारीक शिक्षा भन्दा वौद्ध शिक्षा अध्ययनमा अधिकाँसको चासो देखिन्छ कुल ९७५ जना लामा चुम्मा अध्ययनका गर्नका लागि गुम्वामा रहेका छन । आर्थिक रुपमा सम्पन्न अर्थात शिक्षामा लगानी गर्न सक्ने परिवारकै वच्चाहरु वौद्ध शिक्षा अध्ययन लागि जाने गरेको देखिन्छ । यसैको कारण यहाँका विद्यालयहरुमा कक्षा छाड्ने दर उच्च रहेको देखिन्छ ।

## १.६.६ विद्यालयको भौतिक अवस्था

गाउँपालिका क्षेत्रमा रहेका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था हेर्दा कुल ४२ वटा भवनमध्ये ४० वटा पक्की तथा २ वटा कच्ची भवन रहेको देखिन्छ । गाउँपालिका क्षेत्र भरी रहेका कुल १८ वटा विद्यालयमा जम्मा १०६ कक्षा कोठा रहेका छन । विद्यालयका प्रकार अनुसार भवन संख्या र कोठा संख्याको अवस्था सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ७: विद्यालयको भौतिक अवस्था**

| विद्यालयको प्रकार | भवन | | | शौचालयको अवस्था | | खेलमैदान | विद्यालय भित्रै खानेपानी भएका विद्यालय सँख्या | घेरवार भएका विद्यालय सँख्या |
|---|---|---|---|---|---|---|---|---|
| | पक्की | कच्ची | कोठा सँख्या | पक्की | कच्ची | | | |
| आधारभूत विद्यालय | ० | ३६ | ८० | १ | १९ | १६ | ६ | ७ |
| माध्यमिक विद्यालय | १ | ४ | १० | ० | १ | १ | १ | १ |
| संस्थागत | ० | २ | १६ | ० | ३ | १ | १ | |
| जम्मा | १ | ४२ | १०६ | १ | २३ | १८ | ८ | ८ |

*स्रोत: IEMIS २०७६*

### १.६.७ शिक्षक विवरण

गाउँपालिका क्षेत्र भित्र सँञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थीको हालको अनुपात लाई हेर्ने हो भने कक्षा १ देखी ५ सम्मका सवै जसो विद्यालयहरुका विद्यार्थी सँख्याको तुलनामा शिक्षकको सँख्या वढि नै भएको देखिन्छ भने प्रस्तावित रुपमा चलेका तथा भर्खरै मात्र अनुमति प्राप्त गरी कक्षा ६ देखी ८ सँञ्चालन भएका विद्यालयहरुमा दरवन्दि प्राप्त नभई शिक्षक अभाव भएको देखिन्छ । तहगत र प्रकार अनुसार शिक्षक सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ८: शिक्षक विवरण**

| विद्यालयको प्रकार | स्वीकृत दरबन्दी संख्या | राहत दरवन्दि | गाउँपालिकाको अनुदान तथा विद्यालयको निजी श्रोत | प्राविधिक धार तर्फ | महिला शिक्षक संख्या | तहगत जम्मा |
|---|---|---|---|---|---|---|
| पुर्व प्राथमिक तर्फ | १० | ० | ४ | ० | १४ | १४ |
| आधारभुत विद्यालय तर्फ | ४५ | १ | ७ | १ | २ | ५४ |
| माध्यमिक विद्यालय तर्फ | ५ | ० | ० | १ | १ | ७ |
| माध्यमिक (साविकको उ.मा.वि. अनुदान तर्फ) | ४ | ० | ० | ० | ० | ४ |
| जम्मा | ५४ | १ | ७ | २ | १२ | ७४ |

*स्रोत: IEMIS २०७६*

### १.६.८ भर्ना दर, निरन्तरता दर, सिकाइ उपलब्धी दर

गाउँपालिका क्षेत्र भित्रका सामुदायिक तथा सँस्थागत विद्यालयमा अध्ययनरत विभिन्न तहका विद्यार्थीहरुको सँख्या तथा गाउँपालिकाको घरधुरी सर्वेक्षणवाट प्राप्त सोही उमेर समुहका वालवालिकाको सँख्याका आधारमा हिसाव गर्दा पुर्व प्राथमिक तहमा खुद भर्नादर २७.६८ त्यस्तै आधारभुत तहको कक्षा १ को खुद भर्नादर ९५ प्रतिशत देखिन्छ। यस सम्वन्धि तहगत विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ९: भर्ना दर, निरन्तरता दर र सिकाई उपलब्धी दर**

| विद्यालयको प्रकार | खुद भर्ना दर | निरन्तरता दर | उतिर्ण दर |
|---|---|---|---|
| पुर्व प्राथमिक तह | २७.६८ | २७ | १०० |
| आधारभूत तहको कक्षा (१-५) | ९५ | ८० | १०० |
| माध्यमिक विद्यालय | २१.०२ | १५ | ५२ |

*स्रोतः संस्थागत सर्वेक्षण, तथा IEMIS, २०७६*

**तालिका १० : कक्षा ७ का बिद्यार्थीहरूको औषत सिकाई उपलब्धी**

| क्र. सं. | विद्यालय | कक्षा ७ को औषत सिकाइ उपलाब्धी प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
| १ | बुद्ध मावि, मांग्री | ३६.७० | ३६.९० | ३२.९० | ३९.२० | ३६.६० |
| २ | नेरा आवि, छैला | ७४.२० | ६३.७० | ३५.७० | ५५.०० | ६८.९० |
| ३ | आनन्द आवि, चिमठ | ५८.१० | ५४.०० | ५१.९० | ५९.१० | ५९.४० |
| ४ | सरस्वति आवि, पुलु | २३.९० | २२.५० | २३.३३ | २३.७० | २१.७० |
| जम्मा | | ४८.२२ | ४४.२५ | ३५.९५ | ४४.२५ | ४६.६५ |

स्रोत: विद्यालय रिपोर्ट कार्ड २०७७

### १.६.९ दिवाखाजा सम्वन्धि विवरण

नेपाल सरकारवाट कर्णाली लगायतका जिल्लाहरुमा कक्षा १ देखी ५ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयहरुलाई प्रति दिन प्रति विद्यार्थी रु २० का दरले उपलव्ध गराउने दिवाखाजा वापतको अनुदान विद्यालय स्वँमले व्यवस्थापन समितिको वैठकवाट निर्णय गरी सँञ्चालन तथा व्यवस्थापन गर्न पाउने गरी भएको निर्णय वमोजिम गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा पुर्व प्राथमिक कक्षा देखी कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरुले प्राप्त गर्ने दिवाखाजा सम्वन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ११: दिवा खाजा पाउने विद्यार्थी विवरण**

| विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| पुर्व प्राथमिक तह | ९५ | ९६ | १९१ |
| आधारभुत तह कक्षा १-५ | ३४० | ३९९ | ७३९ |
| संस्थागत | ० | ० | ० |
| जम्मा | ४३५ | ४९५ | ९३० |

*स्रोतः IEMIS २०७६*

## १.६.१० छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण

तोकिएको मापदण्ड वमोजिम विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गर्ने छात्रवृत्तिको अवस्था हेर्दा दलित, अपाङ्ग, छात्रा, आवासिय र जेहेन्दार छात्रवृत्ति र अन्य सुविधा प्राप्त गर्ने विद्यार्थी संख्या जम्मा ५८७ रहेको छ । जसमध्ये आधारभूत तहको कक्षा १ देखी ५ मा ४५६ तथा आधारभुत तहकै कक्षा ६ देखी ८ सम्म अध्ययन गर्ने १३१ जना रहेका छन । अपाङ्गता भएका विद्यार्थीहरुका लागि तोकिएको वर्ग अनुसार छात्रवृति प्रदान गर्ने व्यवस्था भए पनि विद्यालयहरुले अद्यावधिक गर्ने IEMIS मा त्यस्ता विद्यार्थीहरुको विवरणहरु अद्यावधिक नगर्ने गरेको देखिन्छ ।

**तालिका १२: छात्रवृत्ति तथा लक्षित सुविधा सम्बन्धी विवरण**

| विद्यालयको प्रकार | छात्रवृत्तिको किसिम अनुसार | | | | | |
|---|---|---|---|---|---|---|
| | दलित | अपाङ्ग | छात्रा | आवासिय छात्रवृती | जेहेन्दार | अन्य सुविधा |
| आधारभूत तहको १-५ | ५० | ० | २९४ | ११२ | ० | ० |
| आधारभुत तहको ६-८ | २१ | ० | ११० | ० | ० | ० |
| जम्मा | ७१ | ० | ४०४ | ११२ | ० | ० |

*स्रोतः संस्थागत सर्वेक्षण, तथा स्रोतः IEMIS २०७६*

## १.६.११ आधारभूत विद्यालयमा पँहुचको अवस्था

मुलुकको सँविधानले नै अधारभुत तह सम्मको शिक्षा अनिवार्य, निशुल्क र सहज पहुँचको कुरा गरेको छ । आधारभूत विद्यालयसम्मको पहुँचको अवस्थालाई हेर्दा यस गाउँपालिका क्षेत्रभित्रका आधारभूत विद्यालयसम्म पुग्न लाग्ने समय कक्षा १ देखी ५ सम्म वडा न ४ को कार्ति वाहेकका सवै घरधुरीहरुको घर देखी विद्यालयको दुरी अधिकतम १५ मिनेट रहेको देखिन्छ । कक्षा ६ देखी ८ सम्म ५६३ घरधुरीका

वालवालिकाहरुलाई घर वाट नियमित आवत जावत गर्न नसकिने अवस्था रहेको छ भने ३३१ घरधुरीका वालवालिकाहरुलाई घर देखी विद्यालयको दुरी १ देखी २ घण्टाघण्टा सम्म लाग्ने गरेको देखिन्छन ।

### १.६.१२ माध्यमिक तहको शिक्षामा पँहुचको अवस्था

गाउँपालिका भित्रका वालवालिकाहरुको माध्यमिक तह सम्मको शिक्षामा सहज पहुँचको अवस्थालाई हेर्ने हो भने वडा न ८ माँग्रीमा सँञ्चालित एक मात्र श्री वुद्ध माध्यमिक विद्यालय माँग्री वाहेक अन्य कुनै पनि वडा वस्तिहरुमा माध्यमिक तह सम्मको पठन पाठन हुदैन । गाउँपालिका भरीको २१०६ वर्ग मिटर भुगोल नै यस विद्यालयको सेवा क्षेत्र हो । पहुँचको हिसावमा विद्यालय रहेको वडा ८ र वडा न.७ तथा ९ का केही वस्ति वाहेक अन्य कुनै पनि वडावाट दैनिक रुपमा घर वाट आवत जावत गरी विद्यालय शिक्षा लिन सम्भव छैन ।

### १.६.१३ सामुदायिक सिकाइ केन्द्र सम्बन्धि विवरण

समुदायमा साक्षरताका क्रियाकलाप, सिकाई प्रवर्द्धन, सामुदायिक पुस्तकालय ,वाचनालय र समुदायको आवाश्यकताका आधारमा सिकाई समवद्ध विभिन्न क्रियाकलापहरु सँञ्चालन गरी सिकाई सँस्कृतिको विकास गर्नका लागि स्थापना भएका ३ वटा सामुदायिक सिकाईको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : सामुदायिक अध्ययन केन्द्र सम्बन्धी विवरण**

| सामुदायिक सिकाइ/अध्ययन केन्द्रको नाम | केन्द्र रहेको स्थान | वडा नं. |
|---|---|---|
| माँग्री सामुदयिक सिकाई केन्द्र | मुगुम कार्मारोङ गाउँपालिका माँग्री | ८ |
| एव्लाङ सामुदायिक सिकाई केन्द्र | मुगुम कार्मारोङ गाउँपालिका कार्ति, किम्री | ४ |
| नेछेन सामुदायिक सिकाई केन्द्र | मुगुम कार्मारोङ गाउँपालिका पुअ, रिउस | ५ |

*स्रोत: संस्थागत सर्वेक्षण, २०७६*

## २. प्रमुख समस्या

### समतामुलक पहुँच सुनिश्चित नहुनु :

सबै आधारभूत विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना नभएको, समुदायमा आधारित बाल विकास केन्द्र पनि हालसम्म संचालनमा नआएको र अविभावकहरुले प्रारम्भिक बाल विकासको महत्वलाई आत्मसात गर्न नसकेकोले हालको प्राबावि/पुप्राशि तहको खुद भर्ना दर केवल २७.६८ प्रतिशत मात्रै छ । यसै गरी आधारभूत तहमा खुद भर्ना दर ९३.८ % (९०.३ % केटी र ९७.३ % केटा) पुगेको छ माध्यमिक तह (कक्षा ९-१२ ) को खुद भर्ना दर ५२.६% (४८.४ % केटी र ५६.८% केटा) मात्र रहेको छ । यसबाट खुद भर्नामा केटी र केटा विचमा समानता हुन नसकेको तथ्य सपष्ट हुन्छ । अझै पनि अति गरिव, सिमान्तिकृत, बिशेष लक्षित समुहका कैयन बालबालिकाहरुलाई विद्यालयमा ल्याउन नसकिएको अवस्था छ भने भर्ना भइसके पछि पनि कक्षा छोड्ने समस्या बिध्यमान छ ।

सामान्यतया सार्वजनिक विद्यालय तथा शिक्षा बारेको जना चेतना बढेको भए पनि अति गरिब तथा सिमान्तिकृत समहका अविभावकहरुमा भर्ना, निरन्तरता र सिकाइ उपलब्धि बारेको चासो न्युन रहेको अवस्था छ ।

### पढाई छोड्ने तथा तह पुरा नगर्ने समस्या :

फ्ल्यास १ प्रतिवेदन २०७५ अनुसार कक्षा छोड्ने विद्यार्थीको दर कक्षा ६ मा ३.५% (२.३ % केटी र ४.९% केटा), कक्षा ७ मा ३.५% (३.१% केटी र ४.०% केटा), कक्षा ८ मा ७.७% (४.२% केटी र १०.७% केटा), कक्षा ९ मा ३.५% (४.२ केटी र ३.०% केटा) र कक्षा १० मा ३% (३% केटी र ३% केटा) रहेको छ । आधारभूत तहको ८ कक्षा पुरा गरेर माध्यमिक तहको ९ कक्षामा जाने विद्यार्थीको दर ९२.३% (९५.८ केटी र ८९.३% केटा) पाइएको छ ।

### शिक्षाको गुणस्तर तथा  सिकाइ उपलब्धिमा कमि :

अधिकांश बालबालिकाहरुले स्थानीय भाषा बोल्ने हुँदा नेपाली भाषालाई दोस्रो भाषाको रुपमा प्रयोग गर्नु पर्ने हुन्छ । मातृभाषामा आधारित बहुभाषी शिक्षा लागु गर्न नसकिएको र दोस्रो भाषाको रुपमा नेपाली शिक्षण गर्नको लागि शिक्षकको सीपमा पनि कमि रहेको छ । विद्यार्थीहरुको नियमित हजिरीमा कमि, २२० दिन नै विद्यालय खुल्न नसक्ने अवस्था रहनु, गाउँपालिका भित्रकै विद्यालयहरुमा लामो बिदामा एकरुपता

नहुनु, पठन पाठन क्रियाकलाप प्रभावकारी हुन नसक्नु जस्ता कारणले अपेक्षित रुपमा विद्यार्थीको सिकाइ उपलब्धि हासिल हुन सकेको छैन ।

तहगत, क्षेत्रगत एवं बिषयगत रुपमा सबै विद्यालयमा शिक्षकहरुको व्यवस्थापन हुन सकेको छैन । यसैगरी प्राविधिक शिक्षालाई शिक्षाको मुलधारको रुपमा विकास गर्न नसक्नु, विद्यालयमा हुने शिक्षण सिकाई क्रियाकलापको प्राविधिक रुपले सुपरिवेक्षण तथा अनुगमन हुन नसक्नु तथा विद्यार्थी र शिक्षकको उपशिथतिमा नियमितता हुन नसक्नु जस्ता कारणहरुले पनि शिक्षाको गुणस्तरमा आशातित रुपले सुधार गर्न सकिएको छैन ।

**पठन संस्कृतिमा ध्यान नपुग्नु :**

खास गरेर गरिव अविभावकहरु साक्षर नहुनु र एकपटक साक्षर भएकाहरुले पनि लेखपढ गर्न नसक्ने जस्तो अवस्था सिर्जना हुने हुँदा उनीहरुले आफ्ना बालबालिकाहरुलाई घरमा पठन संस्कृतिमा उत्साहित बनाउन नसकेको पाइन्छ । आफै विद्यालयमा लेखपढ गर्न जानेका बालबालिकाहरुमा पनि गृहकार्य गरे पछि पढाई सकियो भन्ने सोच रहनु र पठन अभ्यासमा जोड नदिने प्रवृति रहन गएकोले पठन संकृतिमा विकास हुन नसकेको अवस्था बिध्यमान छ ।

**व्यवस्थापन तथा सुशाशनमा प्रभावकारीताको कमि :**

गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अविभावक संघको गठन भएता पनि अनिवार्य तथा निशुल्क शिक्षा, व्यस्थापन तथा शैक्षिक सुशासन बारे तालिम तथा प्रवोधिकरणमा संलग्न गराउन सकिएको छैन । विद्यालयमा तयार गरिने विद्यालय सुधार योजना तर्जुमा प्रक्रियामा सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागिता गराउन सकिएको छैन । सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन ।

प्रारम्भिक बाल विकास केन्द्र वा विद्यालय भर्ना भएका र बहिष्करणमा परेर शिक्षाको अधिकारबाट बन्चित भएका बालबालिकाहरुको (बालिका, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, अति बिपन्न तथा सिमान्तिकृत तथा विद्यालयको दुरी टाढा भएका बालबालिका) तथ्यांक नियमित रुपमा अध्यावधिक गर्ने कार्य तथा एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणालीलाई अझ प्रभावकारी बनाउनु पर्ने आवस्यकता छ ।

# ३. प्रमुख चुनौती र अवसर

## ३.१ चुनौती

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास, समन्यायिकता, सार्वजनिक शिक्षामा गुणस्तरको सुनिश्चितता, विद्यार्थी सँख्याको अनुपातमा शिक्षक दरवन्दि मिलान तथा पुर्नवितरण, शैक्षिक शुसासन तथा उत्तरदायित्व अभिवृद्धी गर्नु, सवै प्रकारका विद्यालयहरुमा भौतिक पुर्वाधार सहितको आर्कषण सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यवाहारिक वालमैत्री एवँ प्रविधी मैत्री वनाउनु, विद्यालय वाहिर रहेका सवै वालवालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दरलाई शुन्यमा झारी अपेक्षित सिकाई उपलव्धि हाँसिल गर्नु, जनसाँख्यिक वनोट, आन्तरीक वसाई सराईको प्रवृति समेत अध्ययन गरी शैक्षिक सँस्थाहरुको नक्साङ्न गर्नु र सुचना प्रविधिले ल्याएको विविध अवसरहरुको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ३.२ अवसर

- नेपालको संविधानले मौलिक हक अन्तर्गत शिक्षा सम्बन्धी हक (धारा ३१), बालबालिकाको हक ( धारा ३९), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा४२) मा बिशेष जोड दिएको र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा शिक्षा समाविष्ट भएकोले तिनै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी समझदारीमा लगानी अभिबृद्दी गर्न सकिने अवस्था रहेको ।
- नेपालको संविधानले गाउँपालिकालाई शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका/मापदण्ड तथा कार्यविधि बनाउन सक्ने अधिकार प्रदान गरेको र संविधान प्रदत्त अधिकार प्रयोग गरी गाउँपालिकाको शिक्षा ऐन, २०७६ पारित भइ लागु समेत भएको ।
- तुलनात्मक रुपमा मुलुक संघीय संरचनामा गइ सके पछि आम जना समुदायमा सार्वजनिक विद्यालय प्रतिको चासो र शिक्षामा समबेशिताको बारेकोको चेतनामा अभिवृद्धि भएको ।
- सार्वजनिक शिक्षाको लागि गैर सरकारी संस्थाहरुको आर्थिक तथा प्राविधिक प्राप्त हुन सक्ने अवस्था रहेको ।
- हालसालै मात्र बिद्युत सेवाको बिस्तार भएको ।
- सार्वजनिक आवासीय बिद्यालयको अनुमती प्राप्त भई संचालनमा आएको र माध्यमिक तहसम्मको अध्ययनका लागि बालिका/महिला छात्रावासको सथापना र संचालन भएको ।

# ४. दूरदृष्टि/सोच, लक्ष, उद्देश्य

## ४.१ दूरदृष्टि

गाउँपालिका भित्रको सामाजिक आर्थिक समृद्धिका लागि मानव सँसाधनको विकास गर्ने ।

## ४.२ लक्ष्य

विद्यालय उमेर समुहका सवै वालवालिकाहरुमा शिक्षाको पहुँच स्थापना गरी गुणस्तरीय शिक्षा मार्फत सिर्जनशिल, दक्ष ,प्रतिस्पर्धी  र उत्पादनशिल मानव स्रोतको विकास गर्ने ।

## ४.३ उद्देश्यहरु

४.३.१ गाउँपालिका भित्रका सवै वालवालिकाहरुलाई प्रारम्भिक वालशिक्षाको अवसर प्रदान गर्ने ।

४.३.२ गाउँपालिका भित्रका विद्यालय उमेर समुहका सवै वालवालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने ।

४.३.३ आधारभुत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्राप्त गर्न सक्ने वातावरण तयार पार्ने ।

४.३.४ विद्यालय शिक्षाको शैक्षिक गुणस्तर तथा आन्तरिक सक्षमता अभिवृद्धी गर्ने ।

४.३.५  प्रभावकारी शिक्षण सिकाईका लागि आवाश्यक भौतिक पुर्वाधारहरुको विकास गर्ने ।

४.३.६  गाउँपालिका भित्रका शैक्षिक सँस्थाहरुको. आन्तरीक सक्षमता तथा सँस्थागत क्षमताको सदृढीकरण गर्ने

४.३.७  शैक्षिक प्रशासनिक निकाय र शिक्षण सँस्थाहरुमा वालमैत्री स्थानिय शुसासन कायम गर्नु ।

४.३.८ गाउँपालिका भित्र आवाश्यक शैक्षिक पुर्वाधारहरुको विकास तथा विस्तार गर्नु ।

४.३.९ प्राविधिक शिक्षाको विस्तार र गुणस्तरमा सुधार गर्नु ।

४.३.१० विद्यार्थीको सिकाई प्रक्रियामा सहजीकरण गर्न शिक्षकको पेसागत सक्षमताको अभिवृद्धी गर्नु ।

४.३.११ वौद्ध शिक्षाको सँरक्षण एवँ प्रर्वद्धन गर्ने ।

४.३.१२  आवासिय विद्यालयको प्रभाकारी व्यवस्थापन मार्फत गरीव परिवार तथा कठिन भौगोलिक स्थानमा रहेका विद्यार्थीहरुलाई शैक्षिक अवसर प्रदान गर्ने ।

४.३.१३ वालवालिकाहरुलाई मातृभाषामा शिक्षा पाउने अधिकारको सुनिश्चित गर्ने ।

४.३.१४ आपतकालिन अवस्थामा पनि वालवालिकाहरुलाई वैकल्पिक शिक्षा प्रणालीको सुनिश्चितता गर्ने ।

# ५. रणनीति तथा कार्यनीतिहरु

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बाल शिक्षा तथा विकासलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी समतामुलक पहुँचमा बिस्तार गर्ने | १. गाउँपालिका भित्रका सवै वस्तिहरुमा वालविकास केन्द्रको पहुँच स्थापना गर्नका लागि सवै सामुदायिक विद्यालयहरुमा विद्यालयमा आधारित वाल विकास केन्द्रको स्थापना गर्दै लैजाने । |
| | २. नयाँ स्थापना हुने वाल विकास केन्द्रहरुमा आवाश्यक पर्ने सहजकर्ताको व्यवस्था गर्ने । |
| | ३. यस अघि स्थापना भई सँचालनका आएका वालविकास केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लैजाने । |
| | ४. निजी लगानीका वाल विकास केन्द, मन्टेश्वरी केन्द स्थापना गरी सँचालन गर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ । |
| २. प्रारम्भिक बाल शिक्षा र विकासको गुणस्तर सुधार र प्रभावकारी व्यवस्थापन गर्ने | १. वाल विकास केन्द्रका लागि आवाश्यक पर्ने शैक्षिक सामग्री र भौतिक व्यवस्थापन गर्ने । |
| | २. वाल विकास केन्द्रमा कार्यारत शिक्षक सहजकर्ताहरुका लागि तालिम, अर्न्तक्रिया लगायत क्षमता विकासका कार्यक्रमहरु सँचालन गर्ने । |
| | ३. गाउँपालिका भित्र सँचालित वाल विकास केन्द्रहरु मध्ये उत्कृष्ट वालविकास केन्द्रहरुलाई नमुना वालविकास केन्द्रको रुपमा विकास गर्दै लैजाने । |
| ३. निशुल्क तथा अनिवार्य शिक्षाको मापदण्ड अनुसार गाउँपालिका भित्रका सवै वालवालिकाहरु लाई शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नका लागि सरोकारवालाहरुलाई क्षमतावान तथा जवाफदेही वनाउने । | १. गाउँपालिका र विभिन्न गैरसरकारी निकायहरु सँगको समन्वयमा गाउँपालिका भित्रका वडाहरुमा विभिन्न जनचेतनामुलक कार्यक्रम सँचालन गरी विद्यालय उमेर समुहका सवै वालवालिकाहरुलाई विद्यालयमा ल्याउने र टिकाउने कार्यक्रम सँचालन गर्ने । |
| | २. विद्यालय भर्ना पछि कक्षा छाड्नेदरलाई निरुत्साहित गर्नका लागि अभिभावक शिक्षा सँचालन गर्ने । |
| | ३. विद्यालयहरुलाई भर्ना अभियान कार्यक्रम समुदायमस्तरमै पुगि सँचालन गर्न लगाउने । |
| | ४. सामुदायिक सिकाई केन्द्रहरुलाई परिचालन गरी प्रत्येक वडा वस्तिहरुमा विद्यालय शिक्षाको पहुँच भन्दा वाहिर रहेका वालवालिकको तथ्याँक सँकलन तथा अद्यावधिक गर्न लगाउने । |
| | ५. गरीवी तथा अति विपन्न वा अन्य यस्तै कारणवाट विद्यालयको पहुँच भन्दा वाहिर रहेका वालवालिकाहरुका लागि विद्यालय सम्म ल्याउनका लागि छात्रवृतीको व्यवस्था गर्ने । |
| | ६. कक्षा ४ र ५ मा अध्ययनरत गरिव तथा विपन्न परिवारका वालवालिकाहरुका लागि आवासिय विद्यालयमा वसी पठनपाठन गर्ने व्यवस्था मिलाउने । |
| | ७. अपाङ्गता भएका वालवालिकाहरुको तथ्याँक सँकलन गरी तिनीहरुलाई विद्यालय सम्म ल्याउनका लागि अपाङ्ग लक्षित छात्रवृतीको व्यवस्था गर्ने । |
| | ८. नेपाल सरकारवाट नियमित रुपमा उपलव्ध गराउदै आएको दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित वनाउने । |
| | ९. विद्यालय छाड्ने दरलाई न्युनिकरण गर्नका लागि विद्यालय तथा शिक्षकहरुलाई कार्यमुलक अनुसन्धान गर्नका लागि आवाश्यक वजेट तथा कार्यक्रमको व्यवस्था गर्ने । |

| | |
|---|---|
| | १०. मौसम तथा उच्च हिमपात वा अन्य यस्तै कारणवाट विद्यालय सँचालन हुन नसक्ने अवस्थामा घुम्ति विद्यालय सँचालन गर्ने । |
| ४. आफ्नै समुदायमा अनिवार्य आधारभुत शिक्षा सम्मको पहुँच स्थापना गर्ने तथा माध्यमिक तह सम्मको निशुल्क शिक्षाका लागि आवाश्यक सँरचना र साधनस्रोतहरुको व्यवस्थापन गर्दै लैजाने । | १. गाउँपालिकाको वडा न. १ देखी ६ सम्म पर्ने विद्यालयका कक्षा ४ र ५ समायोजन हुने गरी अनुमती प्राप्त श्री नेपाल राष्ट्रिय आधारभुत आवासिय विद्यालय ताखालाई थप व्यवस्थि गर्ने । |
| | २. नेपाल सरकारवाट नमुना विद्यालयको रुपमा विकास गर्नका लागि छनौटमा परेको गाउँपालिकामा सँचालित श्री वुद्ध माध्यमिक विद्यालय माँग्रीलाई व्यवस्थित वनाउदै विद्यार्थी सँख्याका आधारमा थप मानव सँसाधनको व्यवस्था गर्ने । |
| | ३. आधारभुत तहको कक्षा १-५ वाट कक्षा कक्षा ६-८ तथा आधारभुत तह वाट माध्यमिक तह सँचालन अनुमति लिन चाहाने विद्यालयहरुको सँभाव्यता र साधन स्रोत अध्ययन गरी माथिल्लो तह सँचालनको अनुमति प्रदान गर्ने । |
| ५. गाउँपालिका भित्रका विद्यालयहरुको गुणस्तर सुधार मापदण्ड विकास गरी समान गुणस्तर कायम गर्ने । | १.गाउँपालिका भित्रका विद्यालयहरुमा प्रयोगशाला, पुस्तकालय, तथा सिकाई कुनाको व्यवस्था गरिनेछ । |
| | २. प्रभावकारी शिक्षणका लागि विद्यार्थी सँख्या कम भएका विद्यालयहरुमा वहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धति अवलम्वन गर्ने तथा वालवालिकाको पढाई सिप प्रर्वद्धन गर्नका लागि उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री र उपयुक्त कक्षा कोठा व्यवस्थापन लगायतको व्यवस्था गर्दै लगिनेछ । |
| | ३ .शिक्षकहरुको कार्यसम्पादन मुल्याँकन प्रणालीलाई वस्तुगत र कक्षा शिक्षणमा आधारित वनाईनेछ । |
| | ४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यारत शिक्षकहरु मध्येवाट हरेक वर्ष उत्कृष्ट शिक्षक घोषणा गरी पुरष्कृत गर्ने व्यवस्था मिलाईनेछ साथै दण्ड प्रणाली लाई पनि प्रभाकारी रुपमा अघि वढाईनेछ । |
| | ५. शिक्षा विकास तथा समन्वय ईकाई, गाउँपालिका, सम्वन्धित वडा, विद्यालय व्यवस्थापन समिती र अन्य सरोकारवालाहरुवाट नियमित रुपमा अनुगमन गर्ने प्रणाली स्थापना गरिनेछ । |
| ६. प्रारम्भिक कक्षा सिकाईलाई विशेष जोड दिने | १. कक्षा १ देखी ३ सम्मका वालवालिकाहरुको पठन सीप विकास र गणितिय अवधारणाको विकास गरी सिकाई उपलव्धी वृद्धी गर्ने क्रियाकलापहरु सँचालन ल्याईनेछ । |
| | २. शिक्षक विद्यार्थीहरुको अमिल्दो अनुपात र एउटै कक्षाका थोरै विद्यार्थीहरुका विचमा हुने न्युन अर्न्तक्रियालाई मध्यनजर गरी वहुकक्षा वहुस्तर प्रणाली मार्फत एकिकृत शिक्षण सिकाई क्रियाकलाप सँचालन गरिनेछ । |
| | ३. हाल भएका कक्षा कुनाको स्तरउन्नती गरी विषयगत तथा तहगत सिकाई साम्रगीको व्यवस्थापन गरिनेछ । |
| | ४. प्रारम्भिक कक्षाका वालवालिकाहरुको प्रभावकारी सिकाईका लागि सवै वालवालिकाहरुको आवाश्यकता सम्वोधन हुने गरी वहुभाषी एवँ समावेशी सिकाई वातावरणको निर्माण गर्दै लगिनेछ । |
| ७. माग र आवाश्यकता दुवैको सम्वोधन हुने गरी विद्यालहरुमा वालमैत्री तथा अपाङ्गमैत्री नयाँ सँरचनाहरुको स्थापना तथा निर्माण एवँ पुराना | १. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा उपलव्ध भवन ,खेलमैदान ,खानेपानी ,शौचालय लगायतका सँरचनाहरुको स्थलगत अध्ययन गरी भौतिक सँरचना विस्तारका लागि विद्यालयगत विस्तृत योजना तयार पारिनेछ । |
| | २. विद्यालय स्तरमा निर्माण गरिने पञ्चवर्षिय विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने गराउने व्यवस्था मिलाईनेछ । |
| | ३. गाउँपालिकाको लगानीमा निर्माण गरिने भौतिक सँरचनाहरुमा अधिकतम् जनसहभागिताको सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| सँरचनाको मर्मत सँभार गर्दै लैजाने । | ४. विपद तथा अन्य कारणले क्षति ग्रष्त भएका भौतिक सँरचनाहरुको मर्मत सँभार कार्यलाई जोड दिईनेछ । |
| | ५. नयाँ निर्माण गरिने सबै खाले भौतिक सँरचनाहरुलाई वालमैत्री ,अपाङ्गमैत्री तथा समावेशी वनाईनेछ । |
| | ६. आवासिय विद्यालयका रुपमा अनुमति प्राप्त गरी सँचालनमा रहेको नेपाल राष्ट्रिय आधारभुत आवासिय विद्यालत ताखामा मुगुमा आवासिय सुविधा विस्तार गर्नका लागि आवाश्यक भौतिक सँरचनाहरुको निर्माण गरिनेछ । |
| | ७. विद्यालय शान्ति क्षेत्र निर्माण एवँ वालवालिकाको सुरक्षालाई मध्यनजर गरी सवै सामुदायिक विद्यालयहरुमा शुद्ध खानेपानी निर्माण तथा विद्यालय हाताका लागि कम्पाउण्ड वाल निर्माण गरिनेछ । |
| ८. राज्य सँरचना परिवर्तन भए सँगै विद्यालय शिक्षा सँग सम्वन्धित सरोकारवालाहरुको परिवर्तित भुमिका अनुरुप विद्यालय सँचालन तथा व्यवस्थापनमा उनिहरुको क्षमतालाई अभिवृद्धी गर्ने । | १. शक्षक तथा विद्यालय कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रमहरुको विकास गरी सँचालन गर्ने । |
| | २. विद्यालय स्तरिय लेखाङ्कन प्रणाली तथा अभिलेख व्यवस्थापन तालिम गोष्ठीहरु सँचालन गर्ने । |
| | ३. विद्यालयहरुमा विभिन्न अवधिका सँस्थागत तथा शिक्षण सुधारका लागि शिक्षकहरुले व्यक्तिगत रुपमा शैक्षणिक योजनाहरु निर्माण गरी गर्न लागाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने । |
| | ४. सरकारको तल्लो निकायको रुपमा रहेको सम्वन्धित वडा समितिलाई विद्यालय सँचालन ,व्यवस्थापन र मुल्याँकनका लागि जवाफदेही वनाउने क्रियाकलापहरुको तर्जूमा गरी कार्यान्वयन गर्ने । |
| | ५. विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक सँगको क्षमता विकास गर्नका लागि आवाश्यक कार्यक्रमको तर्जुमा गर्ने र अभिभावक शिक्षा कार्यक्रमलाई सँगसँगै सँचालनमा ल्याईनेछ । |
| | ६. विद्यालय तथा शैक्षिक सँस्थाहरुमा स्वमुल्याँकन प्रणाली विकास तथा अवलम्वन गरिनेछ । |
| | ७. उत्कृष्ट कार्यसम्पदान भएका विद्यालयहरुले कमजोर कार्यसम्पादन भएका विद्यालयहरुलाई सहयोग एवँ अनुभव आदान प्रदान गर्ने प्रणालीको विकास गरी अवलम्वन गरिनेछ । |
| ९. शैक्षिक सँस्थाहरुको कार्यसम्पादनमा आधारित अनुदान प्रणालीको विकास गरी सँस्थागत शुसासन र शैक्षिक गुणस्तर कायम गर्ने । | १. गाउँपालिका भित्रका शैक्षिक सँस्थाहरुमा गाउँपालिकावाट प्रवाह गरिने अनुदानका लागि कार्यसम्पदानलाई पनि प्रमुख आधार मानि अनुदान उपलव्ध गराईनेछ । |
| | २. शिक्षा ऐन तथा नियमावलीले निर्धारण गरेका शिक्षक तथा विद्यार्थीका आचार सँहिताका साथै विद्यालय व्यवस्थापन समितीले थप आचार सँहिता निर्माण गरी सो को कार्यान्यवन भए नभएको नियमित अनुगमन गरिनेछ । |
| | ३. गाउँपालिका भित्र स्थापना भई सँचालनमा आएका सँस्थागत विद्यालय , सामुदायिक सिकाई केन्द्र र अन्य शैक्षिक सँस्थाहरुको पाठ्यक्रम ,भौतिक वातावरण , शिक्षक तथा कर्मचारी एवँ आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ । |
| | ४. सँस्थागत विद्यालहरुमा अध्ययनरत गरिव जेहेन्दार तथा लक्षित समुहका वालवालिकाहरुले तोकिएको कोटा र प्रतिशतका आधारमा छात्रवृती प्राप्त गरी अध्ययन गर्ने अवस्थाको शुनिश्चत गरिनेछ । |
| | ५. विद्यालय तथा शैक्षिक सँस्थाहरुको सामाजिक लेखापरिक्षणको प्रतिवेदन सरोकारवालाहरु माझ छलफल गराई सोही आधारमा आगमी योजना निर्माण गर्ने परम्परा स्थापित गर्दै लगिनेछ । |

| | |
|---|---|
| | ६. सवै विद्यालयहरुमा वालक्लव गठन गरी गाउँपालिका स्तरिय वाल सँजाल मार्फत वालवालिकाको क्षमता विकास गर्नका लागि आवाश्यक कार्यक्रमको विकास गरी लागु गरिनेछ । |
| | ७. सवै विद्यालयहरुमा वाल तथा लैङ्गिक सुझाव पेटिका स्थापना गरी मासिक रुपमा वाल क्लव मार्फत खोल्ने तथा सोको गुनासो सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ । |
| | ८. विद्यालय व्यवस्थापन समिती तथा शिक्षक अभिभावक सँघको वैठकमा अधिकतम् सदस्यहरु उपस्थित भई समितीले गरेका निर्णयहरु विवाद रहित कार्यान्यवन गर्न आवाश्यक व्यवस्था मिलाईनेछ । |
| | ९. सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा विद्यार्थीलाई गाउँपालिका वाट पुरस्कृत गरिनेछ । |
| १०. शैक्षिक क्षति न्युनिकरण गर्दै शैक्षिक गुणस्तर कायम गर्नका लागि शैक्षिक पुर्वाधारहरुको स्थापना तथा विकास गर्दै लैजाने । | १०.१ गाउँपालिका भित्रका शैक्षिक सँस्थाहरुलाई ईन्टरनेटको सँजालमा जोड्नका लागि नेपाल टेलिकम तथा अन्य दुर सँचार सेवा प्रदायक सँस्थाहरु सँग आवाश्यक समन्वय अगाडी वढाईनेछ । |
| | १०.२ गाउँपालिका भित्रका सामुदायिक सिकाई केन्द्रहरुको स्तरउन्नती गरी सिकाई सम्वद्ध क्रियाकलाप सँचालन गर्न लगाउने र सिकाई सँस्कृतीको विकास गर्ने । |
| | १०.३ माध्यमिक विद्यालयमा भएका विज्ञान प्रयोगशाला र प्राविधिक प्रयोगशालाहरुलाई थप स्तरउन्नती गर्दै यिनिहरुको समुचित प्रयोगका लागि आवाश्यक व्यवस्था मिलाउने । |
| | १०.४ कक्षा छोड्ने र दोहोर्‍याउने दरलाई न्युनिकरण गर्नका लागि आवश्यक कार्यक्रमहरु सँचालनमा ल्याउने । |
| | १०.५ शैक्षिक तथ्याँकमा भएको दोहोरोपना र त्रुटीलाई हटाई प्रति विद्यार्थी लागतका आधारमा गरिने शैक्षिक लगानीलाई सदुपयोग गर्नका लागि विद्युतिय शैक्षिक तथ्याँक व्यवस्थापन प्रणाली IEMIS लाई व्यवस्थित र नियन्त्रित गर्ने कार्यलाई अगाडी वढाईनेछ । |
| | १०.६ वालवालिकाहरुलाई अध्ययन तथा सिकाईमा व्यस्त राख्नका साथै पठन सँस्कृतीको विकास गर्न र ग तथा सामुदायिक सिकाई केन्द्रले नियमन र व्यवस्थापन गर्ने गरी सामुदायिक पुस्तकालयको स्थापना गरी सँचालनमा ल्याउने । |
| | १०.७ गाउँपालिका भित्रका केही वस्तिहरुनै खाली हुने गरी मौसमी रुपमा वसाई सरी विद्यालय वन्द हुने अवस्था लाई मध्यनजर गरी वसाई सरी जाने वस्तिहरुमा अस्थाई प्रकृतीका घुम्ति विद्यालय सँचालन गर्नका लागि आवाश्यक टहरा निर्माण गरी वालवालिकाको सिकाईलाई निरन्तरता दिने कार्यलाई यथासिघ्र अगाडी वढाईनेछ । |
| | १०.८ गाउँपालिकामा आवासिय विद्यालयको रुपमा अनुमती प्राप्त गरी सँचालनमा आएको श्री नेपाल राष्ट्रिय आधारभुत आवासिय विद्यालय ताखा मुगुमा कम्तिमा पनि माध्यमिक तह सम्मको शिक्षा आवासमा वसी लिन पाउने व्यवस्था मिलाउनका लागि सँघिय तथा प्रादेशिक सरकारसँग आवाश्यक पहल गरिनेछ । |
| | १०.९ वालमैत्री र अपाङ्गमैत्री सिकाईलागि प्रारम्भिक कक्षाका विद्यार्थीहरुका लागि कार्पेट तथा कुशन र माथिल्ला कक्षाहरुका लागि आवाश्यक फर्निचरको व्यवस्था गर्ने साथै कक्षा कोठामा डिस्प्ले वोर्ड ,ड्रयर शिक्षकका लागि पाठ्यक्रम ,पाठ्यपुस्तक लगायतका सर्न्दभ सामग्री, विशिष्टीकरण तालिका आदीको उचित व्यवस्था मिलाईनेछ । |
| | १०.१० वालवालिकाको सुरक्षा तथा वचावटको लागि तालिम प्राप्त शिक्षक सहित प्राथमिक उपचार किड वाकसको व्यवस्था मिलाईनेछ । |
| | १०.११ महिनावारीका वेलामा विद्यालयमा उपस्थित हुन नसकि हुने शैक्षिक क्षति न्युनिकरण गर्नका लागि कक्षा ६ देखी माथि सँचालनमा रहेका विद्यालयहरुमा सेनेटरी प्याड वैंकको व्यवस्था गरी वितरण गर्ने प्रवन्ध मिलाईनेछ । |

| | |
|---|---|
| | १०.१२ तोकिएको उमेर समुहका विद्यार्थीहरुका लागि यौन ,प्रजनन् स्वास्थ्य तथा मनोचिकित्सा सम्वन्धि स्रोत कक्षाहरुको व्यस्था गरिनेछ । |
| ११. प्राविधिक शिक्षामा सहज पहुँच स्थापना गरी निम्न तथा मध्यम स्तरको प्राविधिक जनशक्ती उत्पादन गर्नका लागि प्राविधिक शिक्षालाई व्यापक वनाई शैक्षिक सँस्थाहरुलाई सदृढ गर्दै लैजाने । | ११.१ गाउँपालिकाको आवाश्यकता र सँभावनाका आधारमा प्राविधिक शिक्षा सँचालनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सँग आवाश्यक समन्वय गरिनेछ । |
| | ११.२ दलित गरिव तथा जेहेन्दार वालवालिकाहरुलाई प्राविधिक शिक्षाको पहुँचमा ल्याउनका लागि आवाश्यक छात्रवृतीको व्यवस्था गरिनेछ । |
| | ११.३ प्राविधिक शिक्षा सँचालनमा भएका विद्यालयहरुमा नयाँ प्रयोगशाला स्थापना र भएको प्रयोगशालाहरुको स्तरउन्नती गर्दै लगिनेछ । |
| | ११.४ प्राविधिक प्रशिक्षकहरुका लागि आवाश्यक तालिम, अभिमुखीकरण लगायतका क्षमता विकासका कार्यक्रमहरु र आवाश्यक सन्दर्भ सामग्रीहरुको व्यवस्था गरिनेछ । |
| १२. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई जिम्मेवार र जवाफदेही वनाउने । | १२.१ उत्कृष्ट शिक्षक पहिचाहन गरी पुरष्कृत गर्ने । |
| | १२.२ नव प्रवेशी शिक्षकहरुका लागि पेसागत विकास अर्थात सेवा प्रवेश तालिमको व्यवस्था गरिनेछ । |
| | १२.३ निरन्तर विद्यार्थी मुल्याँकनलाई सिकारु केन्द्रित तथा वालमैत्री शिक्षण विधीका रुपमा प्रयोग गर्न ,शिक्षकको स्वमुल्याँकनको साधनको रुपमा प्रयोग गर्ने परिपाटीको रुपमा विकास गर्नका लागि निरन्तर विद्यार्थी मुल्याँकन प्रणालीलाई सुदृढीकरण गर्ने । |
| | १२.४ शिक्षण सिकाईको दिन र शिक्षकले कक्षामा विताउने समय नियमानुसार परिपालना भए नभएको नियमित अनुगमन गरिनेछ । |
| १३. गाउँपालिका भित्र वौद्ध शिक्षाको अध्ययन गर्ने अवसरको सिर्जना गर्ने | १३.१ गाउँपालिका भित्र वौद्ध शिक्षा अध्ययन अध्यापन गर्नका लागि आवाश्यक शिक्षक प्रशिक्षकको व्यवस्था गर्न वौद्ध दर्शन प्रर्वद्धन तथा गुम्वा विकास समिती सँग सहकार्य तथा समन्वय अगाडी वढाईनेछ । |
| | १३.२ आधारभुत तह देखी नै १०० पुर्णाङ्कको स्थानिय विषय पठन पाठन गराउन सकिने हालको अवस्थामा वौद्ध शिक्षालाई स्थानिय विषय वस्तुको रुपमा विकास गरी अध्ययन अध्यापन सुरु गरिनेछ । |
| | १३.३ वौद्ध शिक्षालाई क्रमश : विस्तार गर्दै यसैको अध्ययनका लागि जिल्ला वाहिर जाने तथा प्रतिभा पलायन हुने अवस्थालाई निरुत्साहित गर्नका लागि कार्यक्रमहरु विकास गर्दै लगिनेछ । |
| १४. युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्दै साक्षर गाउँपालिका बनाउने | १४.१ १५ बर्ष माथिको निरक्षर महिला तथा पुरुषहरुको तथ्यांक अध्यावधिक गरेर साक्षर मुगुम कार्मरोङ अभियान सहितको कार्यमूलक साक्षरता कार्यक्रम संचालन गर्ने |
| | १४.२ पूर्ण साक्षर गाउँपालिका बनाउन एकले एकलाई साक्षर बनाउने तथा विद्यार्थी अविभावक साक्षरता अभियान संचालन गर्ने |
| | १४.३ जन स्तरबाट साक्षरता अभियानमा स्वयमसेवी सहजकर्ताहरू तयार गर्ने |

# ६. प्रमुख कार्यक्रम

## ६.१. प्रारम्भिक बाल विकास सहित आधारभुत शिक्षा

### उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम, लक्ष तथा सूचकहरू

| अपेक्षित उपलब्धि | नतिजा | प्रमुख कार्यक्रम/ क्रियाकलाप | ५ बर्षे लक्ष तथा लाभान्वित बर्ग | मुख्य कार्यसम्पादन सूचकहरू | सम्बन्धित रणनीति नम्बर |
|---|---|---|---|---|---|
| समतामुलक पहुँचमा सुधार भएको | बालबालिकाको चौतर्फी विकास बारे अभिभावकको चेतना र सहभागितामा वृद्धि | अविभावक शिक्षा कार्यक्रम | ...अविभावकहरु अभिभावक शिक्षा कार्यक्रममा संलग्न | प्राबावि/पूप्राशिमा कूल भर्ना दर | १, २ |
| | सबै विद्यालयमा प्राबावि/पुप्राशि संचालन भएको | प्राबावि/पुप्राशिको बिस्तार | ...बालबालिकाले प्राबावि/पुप्राशि मार्फत चौतर्फी विकासको अवसर प्राप्त गर्ने | प्राबावि/पूप्राशिमा कूल भर्ना दर | १, २ |
| | तालिम प्राप्त प्राबावि शिक्षक उपलब्ध भएको | योग्यता पुगेका शिक्षक छनोट तथा तालिम प्रदान | ... प्राबावि/ पूप्राशिमा शिक्षकलाई तालिम | प्राबावि/पूप्राशिमा आवस्यक योग्यता प्राप्त शिक्षकको प्रतिशत | १, २ |
| | हरेक केन्द्रमा प्राबाविको न्युनतम मापदण्ड पुरा भएको | प्राबावि/पूप्राशिमा कार्यक्रम | ... प्राबावि/ पूप्राशि मार्फत ...बालबालिकालाई अवसर | प्राबावि/पूप्राशिमा एक महिने तालिम प्राप्त शिक्षकको प्रतिशत | १, २ |
| | हरेक प्राबावि/पुप्राशि तथा विद्यालयमा बाल मैत्री, छात्रा मैत्री, अपाङ्गता मैत्री सिकाई वातावरण सिर्जना भएको | प्राबावि/पूप्राशिमा कार्यक्रम : पूर्वाधार विकास तथा तालिम | ... प्राबावि/ पूप्राशि मार्फत ...बालबालिकालाई अवसर | प्राबावि/पूप्राशिमा कूल भर्ना दर | १, २ |
| | प्राबावि/पुप्राशिको अनुभव भई कक्षा १ मा नवप्रवेशीको वृद्धि भएको | कक्षा १ मा विद्यार्थी भर्ना अभियान | ... बालबालिकाहरु | प्राबावि/पूप्राशिमा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | १-४ |
| | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत बढेको र बालबालिकामा समान ब्यबहार भएको | महिला शिक्षकको छनौट तथा पदस्थापन | .. महिला शिक्षकहरु | आधारभुत शिक्षामा (कक्षा १-८) खुद भर्नामा दरमा लैंगिक समता सूचकांक | ३, ४, ७ |
| | प्राबावि/पुप्राशि र कक्षा १-३ सम्म मातृभाषाको मध्यमबाट | शिक्षक तालिम तथा प्रवोधिकरण; मातृभाषामा आधारित बहुभाषी शिक्षा संचालन | .....बालबालिकाहरू | कक्षा १ मा कुल भर्ना र खुद भर्ना दर | ३, ४, ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्रियाकलाप तथा पढाई हुने गरेको | | | | |
| | आधारभूत शिक्षा उमेर समुहका सम्पूर्ण बालबालिकाले अनिवार्य रुपमा विद्यालयमा अध्ययन गरीरहेको | छात्रवृत्ति सहयोग, दिवा खाजा | .....बालबालिकाहरू | आधारभुत शिक्षामा (कक्षा १-८) कुल भर्ना दर | ३, ४, ७ |
| | | आवासीय बिद्यालय तथा छात्रावासको सुविधा | .....बालबालिकाहरू | आधारभुत शिक्षामा (कक्षा १-८) खुद भर्ना दर | ३, ४, ७ |
| | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी शैक्षिक मूल प्रवाहमा समाबेश गरिएको | एकिकृत शिक्षा व्यवस्थापन तथा सूचना प्रणाली | .....बालबालिकाहरू | आधारभुत शिक्षा (५-१२ बर्ष उमेर) का बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५, ६, ८, ९, १०, १२ |
| बिद्यार्थीको सिकाइ उपलब्धि सहित शिक्षाको गुणस्तर सुधार भएको | प्राबावि/पूप्राशिमा आवस्यक योग्यता प्राप्त र तालिम प्राप्त शिक्षकको प्रतिशत बढेको | स्थानीय पाठ्यक्रमको विकास; छात्रवृत्ति सहयोग तथा विद्यालय खाजा कार्यक्रम | .....बालबालिकाहरू | कक्षा ८ मा टिकाउ दर | ५, ६, ८, ९, १०, १२ |
| | प्राबावि/पूप्राशिमा तथा आधारभूत विद्यालयमा बाल मैत्री, छात्रा मैत्री, अपाङ्गता मैत्री र सुरक्षित वातवरण तयार भएको | पूर्वाधार, कम्पाउण्ड, शौचालय, कक्षा कोठा, फर्निचर, शैक्षिक सामग्री तथा तालिम | .....बालबालिकाहरू | आधारभूत तह पुरा गर्नेको दर | ५, ६, ८, ९, १०, १२ |
| | विद्यार्थी र शिक्षकको हाजिरी नियमिततामा सुधार भएको | विद्यार्थी र शिक्षकलाई पुरस्कार तथा सम्मानको व्यवस्था | १४५९ विद्यार्थीहरू र ५८ शिक्षकहरू | कक्षा ८ मा विद्यार्थीको सिकाइ उपलब्धीको प्राप्तांक प्रतिशत | १२ |
| | प्रारम्भिक कक्षा पठन सिपको अभिब्रिद्दी भएको | प्रारम्भिक कक्षा पठन कार्यक्रम | .....बालबालिकाहरू | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | ५, ६, ८, ९, १०, १२ |
| | नेपाली, अंग्रेजी, गणित तथा बिज्ञान विषमा विधार्थीको सिकाइ उपलब्धि बढेको | छात्रवृत्ति सहयोग तथा दिवा खाजा, शिक्षक तालिम, अनुगमन तथा सुपरिवेक्षण | .....बालबालिकाहरू | कक्षा ८ मा विद्यार्थीको सिकाइ उपलब्धीको प्राप्तांक प्रतिशत | ५, ६, ८, ९, १०, १२ |
| | आधारभूत तह पूरा गर्ने विद्यार्थीको दरमा बृद्दी भएको | छात्रवृत्ति सहयोग तथा दिवा खाजा, शिक्षक तालिम, अनुगमन तथा सुपरिवेक्षण | .....बिद्यार्थीहरू | आधारभूत तह पुरा गर्नेको दर | ५, ६, ८, ९, १०, १२ |

## ६.२. प्राविधिक तथा व्यवसायिक सहित माध्यमिक शिक्षा

### उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम, लक्ष तथा सूचकहरू

| अपेक्षित उपलब्धि | नतिजा | प्रमुख कार्यक्रम/ क्रियाकलाप | ५ बर्षे लक्ष तथा लाभान्वित बर्ग | मुख्य कार्यसम्पादन सूचकहरू | सम्बन्धित रणनीति नम्बर |
|---|---|---|---|---|---|
| माध्यमिक शिक्षामा समतामुलक पहुँचमा सुधार भएको | विद्यालयका भौतिक पूर्वाधारमा सुधार भइ सुरक्षित बालमैत्री सिकाई वातावरण तयार भएको | आवासीय विद्यालय र छात्रावास सहितको भौतिक पूर्वाधार विकास | कक्षा ९ देखी १२ सम्म ....विधार्थीहरु भर्ना हुने | माध्यमिक शिक्षा कक्षा ९-१२ को कुल भर्ना दर | ४, ७-९ |
| | आवासीय विद्यालय र छात्रावासको व्यवस्थाबाट पहुँचमा सघाउ पुगेको | | | माध्यमिक शिक्षा कक्षा ९-१२ को खुद भर्ना दर | ४, ७-९ |
| | छात्राहरुको निरन्तरता र तह पुरा गर्ने दर बढेको | बालिका छात्रावास तथा छात्रवृत्ति कार्यक्रम, स्यानिटरी प्याडको व्यवस्था, छात्रा शौचालय, विद्यालयमा जेन्डर फोकल पर्सनको व्यवस्था | ....छात्राहरु | माध्यमिक शिक्षामा (कक्षा ९-१२) खुद भर्नामा दरमा लैंगिक समता सूचकांक | ४, ७-९ |
| | बिज्ञान बिषय तथा प्राविधिक बिषय लिएर अध्ययन गर्ने विद्यार्थीको संख्यामा बृद्दी भएको | बिषय शिक्षकको छनोट तथा तालिम | ....विद्यार्थीहरु | प्राविधिक बिषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थीको संख्या | ४, ७-९ |
| | अपाङ्गता भएका, अति बिपन्न परिवारका, दुर्गम स्थानका बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच बढेको | लक्षित छात्रवृत्ति तथा आवासीय सुविधा | .... अपाङ्गता भएका, अति बिपन्न परिवारका, दुर्गम स्थानका बालबालिकाहरु | | ४, ७-९ |
| बिद्यार्थीको सिकाइ उपलब्धि सहित शिक्षाको गुणस्तर सुधार भएको | विद्यालयमा आवस्यक न्युनतम पूर्वाधारहरु (शिक्षक, पर्याप्त कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्री, शौचालय, खेलमैदान, सूचना प्रविधि सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ/सन्दर्भ | मावि तहमा बिषयगत योग्य शिक्षकको व्यवस्था | ...शिक्षकहरु | कक्षा १० सम्मको टिकाउ दर | ९, १०, १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामाग्री, खानेपानी आदि) सुधार सहित उपलब्ध भएको | | | | |
| | तालिम प्राप्त शिक्षकहरुबाट प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप भएको | भौतिक पूर्वाधार विकास, बाल/छात्रा/ अपांगता मैत्री शौचालय, कक्षा कोठा, सूचना प्रविधियुक्त प्रयोगशाला, खेलमैदान, पाठ्यपुस्तक तथा सिकाइ सामग्री; शिक्षक तालिम | ...विद्यार्थीहरु | कक्षा १२ सम्मको टिकाउ दर | |
| | परिक्षा संचालन र मूल्यांकन प्रणालीमा सुधार भएको | प्रधानाध्यापकको दक्षता अभिब्रिदी; परिक्षा र मुल्यांकन प्रणाली सुधार | - | एसीई तह पूरा गर्नेको प्रतिशत | |
| | कक्षा छोड्ने नभई विद्यार्थीको नियमित हाजिरी तथा बिषयगत दक्षतामा सुधार भएको | प्रभावकारी शिक्षण सिकाइ र शिक्षक तथा विद्यार्थीलाई पुरस्कार र हौसला | ...विधार्थीहरु | एसीई तह पूरा गर्नेको प्रतिशत | |
| | | छात्रावास र छात्रवृत्ति | ...विधार्थीहरु | माध्यमिक तह (कक्षा १२) पूरा गर्नेको प्रतिशत | |
| प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच र गुणस्तरीय सुधार भएको | प्राविधिक तथा व्यवसायिक शिक्षामा किशोर तथा किशोरीहरुको संख्या बढेको | कक्षा ११-१२ मा प्राविधिक बिषय संचालन, प्राविधिक तथा व्यवसायिक कक्षा संचालन, तालिम तथा अभिमुखीकरण, प्रयोगशाला तथा सामाग्रीहरुको व्यवस्था | ... विद्यार्थीहरुको भर्ना | प्राविधिक तथा व्यवसायिक शिक्षामा भर्ना हुने विधार्थीको संख्या | ११ |
| | अनुभवी र तालिम प्राप्त शिक्षकहरु बाट प्राविधिक तथा व्यवसायिक शिक्षामा पठन पाठन भई विद्यार्थीको सिकाइ उपलब्धि बढेको | | | प्राविधिक तथा व्यवसायिक शिक्षामा भर्ना हुने र कोर्ष पूरा गर्ने विधार्थीको संख्या | ११ |
| | प्राविधिक तथा व्यवसायिक शिक्षा विषयका शिक्षकहरुले तालिम प्राप्त गरेका | | ....शिक्षकहरुले तालिम प्राप्त गरेका | कक्षा ११-१२ मा प्राविधिक बिषयमा भर्ना हुने विद्यार्थी संख्या | ११ |

## ६.३. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ

### उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम, लक्ष तथा सूचकहरू

| अपेक्षित उपलब्धि | नतिजा | प्रमुख कार्यक्रम/ क्रियाकलाप | ५ बर्षे लक्ष तथा लाभान्वित बर्ग | मुख्य कार्यसम्पादन सूचकहरू | सम्बन्धित रणनीति नम्बर |
|---|---|---|---|---|---|
| साक्षर जनता तथा गाउँपालिका घोषणा भएको | कार्यमूलक साक्षरता मार्फत साक्षरताको दर बढेको | कार्यमूलक प्रौढ साक्षरता कार्यक्रम | १५ देखी ६० बर्ष सम्मका ...निरक्षर गाउँ वासीहरु साक्षर बन्ने र | ६ बर्ष माथिको साक्षरता, युवा साक्षरता (१५-२४ बर्ष), प्रौढ साक्षरता (१५ बर्ष माथि) को दर | १४ |
| | परिवार तथा समुदायमा पठन संस्कृतिको विकास हुदै गएको | सामुदायिक अध्ययन/ सिकाइ केन्द्र/वाचनालय | ... नव साक्षरहरुले सामुदायिक सिकाई अध्ययन केन्द्र मार्फत जीवन पर्यन्त सिकाइमा संलग्न हुने अवसर प्राप्त गर्ने | ६ बर्ष माथिको साक्षरता, युवा साक्षरता (१५-२४ बर्ष), प्रौढ साक्षरता (१५ बर्ष माथि) को दर | १४ |
| | | | | .... टोलमा सामुदायिक अध्ययन/सिकाई केन्द्र स्थापना | १४ |

# ७. अन्तर सम्बन्धित बिषयहरु (Cross–cutting themes)

## ७.१ लैंगिक तथा सामाजिक समावेशिता (gender and social inclusion)

गाउँपालिकाका हरेक शैक्षिक नीतिमा लैंगिक तथा सामाजिक समाबेशीताको प्रत्याभूति गरिनेछ र नीति अनुसार व्यवहारमा कार्यन्वयन गरिनेछ । यसको लागि तल दिइएका बुँदाहारुलाई लागु गरिनेछ :

- हरेक शिक्षकलाई लैंगिक तथा सामाजिक समाबेशीता सम्बन्धी तालिम तथा अभिमुखीकरण गर्ने
- आधारभूत तहमा महिला शिक्षकको बृद्दि गर्ने
- गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, व्यवस्थापन समिति, शिक्षक अविभावक संघमा कम्तिमा ३३% महिला प्रतिनिधित्व
- छात्राको लागि छुट्टै शौचालयको निर्माण
- लैंगिक समानता तथा सामाजिक समबेशिता बारे सम्पूर्ण विद्यार्थीहरुलाई अभिमुखीकरण
- छात्रा, अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, अति बिपन्न तथा सिमान्तिकृत समुहका विधार्थीलाई छात्रवृत्ति
- महिला साक्षरतामा जोड ।

## ७.२ बालमैत्री, छात्रा तथा अपाङ्गता मैत्री सिकाइ वातावरण

प्रारम्भिक बाल विकास केन्द्र तथा विद्यालयको भौतिक पूर्वाधार तथा समग्र सिकाई वातावरणलाई बालमैत्री, छात्रा मैत्री तथा अपाङ्गता भएका बालबालिका मैत्री बनाइनेछ । हरेक विद्यालयमा छात्र र छात्राको लागि छुट्टै शौचालय र अपाङ्गता भएका बालबालिकाको लागि सजिलो हुने गरी एक छुट्टै शौचालय निर्माण गरिनेछ, विद्यालय प्रांगण, खेलमैदान, शौचालय र कक्षा कोठामा सजिलै व्हिल चियर जान सक्ने व्यवस्था मिलाइनेछ । साथै, बालमैत्री, छात्रा मैत्री तथा अपाङ्गता भएका बालबालिका मैत्री सिकाई वातावरण बारे शिक्षकहरुलाई तालिम प्रदान गरिनेछ ।

## ७.३ शिक्षक व्यवस्थापन र पेशागत विकास

गाउँपालिका भरिका विद्यालयमा भएका शिक्षक र विधार्थीको अनुपात हेरेर आवस्यकता भएका स्थानमा शिक्षकको सरुवा गरिनेछ । शिक्षकहरुको कार्यसम्पादन मुल्यांकन प्रणालीलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्येबाट हरेक बर्ष उत्कृष्ट शिक्षक

घोषणा गरी पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ भने दण्ड प्रणालीलाई पनि सुधार गरिनेछ । उत्कृष्ट शिक्षक छनोटका लागि छुट्टै मापदण्ड तयार गरिनेछ ।

प्रारम्भिक बाल विकासका शिक्षकहरुलाई गाउँपालिकाले उनिहरुले पाउने पारिश्रमिकमा थप सहयोग गर्नेछ । माध्यमिक तहका अंग्रेजी, विज्ञान र गणित शिक्षकहरुको उपलब्धता र निरन्तरताको लागि आवस्यकता हेरी गाउँपालिकाले थप हौसलाको व्यवस्था गर्नेछ ।

## ७.४ व्यवस्थापन, संस्थागत क्षमता विकास, सुशाशन तथा पारदर्शिता

व्यवस्थापन, संस्थागत क्षमता विकास, सुशाशन तथा पारदर्शिता सम्बन्धमा गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुलाई तालिम र अभिमुखीकरणको व्यवस्था गरिनेछ । हरेक विद्यालयका प्रधानाध्यापकहरुलाई यो रणनैतिक योजना लागु भए पश्चात पाँच बर्षको विद्यालय सुधार कार्ययोजना गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्दछ । शिक्षा शाखाको समन्वयमा र सल्लाहमा कार्य योजनालाई अगाडी बढाउनु पर्नेछ ।

हरेक विद्यालयले शैक्षिक सत्रको सुरुमै IEMIS लाई अध्यावधिक गरेर सहभागीमूलक ढंगले विद्यालय सुधार योजना (School Improvement Plan) तयार गरी गाउँपालिकाको शिक्षा शाखामा पठाउनु पर्दछ । एक महिना भित्रमा सबै विद्यालयको योजनालाई सिहवलोकन गरेर गाउँपालिकाले आफ्नो शिक्षाको बजेट बनाउनेछ । विद्यालयले एउटा जीवित दस्ताबेजको रुपमा विद्यालय सुधार योजनालाई महत्व दिनु पर्नेछ र हरेक बर्ष संशोधन गर्नु पर्नेछ । आधारभुत विद्यालयले योजना तर्जुमा गर्दा शिक्षा शाखा र माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकको प्राविधिक सहयोग लिनु पर्दछ ।

विद्यालयमा शिक्षक आचार संहिता र विद्यार्थी आचार संहिता सबैले पढ्न सक्ने गरी डिस्प्ले गरेर राख्नु पर्दछ । हरेक बर्ष विद्यालयले लेखापरिक्षण, सार्वजनिक सुनुवाई (public hearing) तथा सामाजिक परिक्षण (social auditing) गर्नु पर्दछ ।

## ७.५ सूचना व्यवस्थापन तथा शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोग

एक वर्ष भित्र नमुना विद्यालयमा सूचना तथा संचार प्रविधिका लागि अनुकुल वातावरण (बिजुली/सोलारको सुविधा, इन्टरनेट, कम्प्युटरको सुविधा) सिर्जना तथा बिस्तार गरेर वेवमा आधारित IEMIS लाई व्यवस्थित गरिनेछ र शिक्षण सिकाईमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई बिस्तार गरिनेछ । यो सेवालाई

क्रमश सबै विद्यालयहरुमा विस्तार गरिनेछ। यसको लागि शिक्षक तथा कर्मचारीलाई तालिमको व्यवस्था समेत गरिनेछ।

### ७.६ विद्यालयमा स्वास्थ्य, सरसफाई तथा पोषण

गाउँपालिकाको शिक्षा शाखा र स्वास्थ्य शाखाको समन्वयमा हरेक विद्यालयमा खानेपानी, स्वच्छता तथा सरसफाई कार्यक्रम लागु गरिनेछ । दिवा खाजाको कार्यक्रमलाई व्यवस्थित गरिनेछ । किशोरीहरुलाई आवस्यकता अनुसार स्यानिटरी प्याड, आइरन चक्की, फोलिक एसिड र जुकाको औषधी उपलब्ध गराइनेछ । विद्यालयमा खानेपानीको उचित व्यवस्था गरी, हात धुने ठाउँहरु बनाई विद्यार्थीहरुमा मिचिमिची हात धुने बानीको विकास गरिनेछ।

### ७.७ विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा

गाउँपालिकाले शिक्षा क्षेत्रमा सबै बालबालिकाहरुका लागि अनुकुल र सुरक्षित सिकाई वातावरण तयार गर्नको लागि बिपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा (disaster risk reduction and school safety) लाई उच्च प्रथामिकतामा राखेको छ। यसका लागि निम्न लिखित कार्यहरु गरिनेछन् :

- शिक्षाका सरोकारवाला हरुलाई बिपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा प्रवोधिकरण गर्ने
- बिपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा बारे सम्पूर्ण विद्यार्थीहरुलाई जानाकारे दिने
- बर्षमा दुई पटक हरेक विद्यालयमा बिपतको बेलामा के कस्तो तरिका अपनाउने भनेर ड्रिल गराउने
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय द्वारा पारित बृहत् विद्यालय सुरक्षा कार्यन्वयन कार्यविधि, २०७५ लाई आफ्नो स्थानीय परिवेश अनुसार लागु गर्ने तथा आवस्यकता अनुसार स्थानीय तहमा कार्यविधि बनाउन सकिने
- सुरक्षित विद्यालय तथा उत्थानशिलताको सुनिश्चितताको लागि जना चेतना जगाउने, व्यवस्थापन समितिको दक्षता अभिब्रिद्दी गर्ने र बहुबिपत् प्रति उत्थानशील (चभकषष्भिलत) नयाँ विद्यालय भवनका डिजाइन तयार गर्ने र सोहि अनुसार निर्माण गर्ने।

### ७.८ अध्ययन/अनुसन्धान

मुगुम कार्मारोङ गाउँपालिकाले क्ष्भ्क्ष्क बाट प्राप्त तथ्यांक तथा स्थानीय रुपमा सम्पन्न गरिएका बिषयगत अध्ययन/अनुसन्धान, कार्यमूलक अनुसन्धान (Action Research) बाट प्राप्त ठहर र सिफारिशको आधारमा प्रमामा आधारित (evidence–based) नीति निर्माण प्रक्रियामा जोड दिनेछ। तसर्थ गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुको सुझावको आधारमा हरेक बर्ष एउटा बिषयमा सानो अध्ययन/अनुसन्धान गरिनेछ । अनुसन्धानबाट प्राप्त सुझावहरुबारे व्यापक रुपमा समुदाय तथा अन्य सरोकारवालाहरुलाई जानकारी दिई उक्त सुझावहरुलाई आवस्यकता हेरी व्यवहारमा लागु गरिनेछ।

### ७.९ शैक्षिक नीति, ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि

मुगुम कार्मारोङ गाउँपालिकाले शिक्षाको ऐन पारित गरेर कार्यन्वयन गरीरहेको छ भने अब आवस्यकता अनुसार शिक्षा नियमावली, निर्देशिका वा मापदण्ड तथा कार्यविधि निर्माण गर्दै जाने योजनामा रहेको छ । राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निशुलक शिक्षा सम्बन्धी ऐन तथा प्रक्रियामा रहेको संघीय शिक्षा ऐनसंग तादात्म्यता मिलाई गाउँपालिकाको शिक्षा ऐनलाई संसोधन गरिनेछ। खास गरेर अनिवार्य तथा निशुल्क शिक्षा, प्रारम्भिक बाल विकास र छात्रवृत्ति सम्बधी छुट्टै कार्यविधिहरु तयार गरिनेछन् । मानव अधिकार, बाल अधिकार तथा लैंगिक र सामजिक समावेशिताको अवधारणालाई हरेक नीति, ऐन, नियमावली, निर्देशिका वा मापदण्ड तथा कार्यविधिले आत्मसात गर्नेछ । नीति निर्माणको प्रक्रियामा शिक्षाका सरोकारवालाहरुको सक्रिय सहभागितामा प्राथमिकता दिइनेछ।

### ७.१० अनुगमन तथा मुल्यांकन

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा महाशाखा तथा शिक्षा विकास निर्देशनालय र जिल्लाको सामाजिक विकास कार्यालय र शिक्षा विकास तथा समन्वय ईकाईसंगको समन्वयमा गाउँपालिकाको शिक्षा शाखाले समग्र शिक्षा क्षेत्रको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्नेछ । शिक्षा शाखाका प्राविधिक कर्मचारीले प्राविधिक पाटोमा केन्द्रित गरी प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय, सामुदायिक अध्यन केन्द्र तथा साक्षरता कक्षाको सुपरिवेक्षण गर्नेछन् भने अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यहरुले व्यवस्थापन र सुशासन सम्बन्धित पक्षलाई प्राथमिकतामा राखेर अनुगमन गर्नेछन्।

## ८. मूख्य कार्यसम्पादन सूचकहरू

| उप क्षेत्र/बिषयगत क्षेत्र<br>सूचकहरू | | हालको अवस्था: आधार रेखा (२०७७/०७८) | ३ बर्षे योजनाको लक्ष आ. ब. (२०८०/०८१ सम्म) | ५ बर्षे योजनाको लक्ष (आ. ब. ०८२/०८३ सम्म) |
|---|---|---|---|---|
| **१. आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा समेत)** | | | | |
| १.१ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर | | ८८ | ९५ |
| १.२ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा आवस्यक योग्यता प्राप्त शिक्षकको प्रतिशत | | ९५ | १०० |
| १.३ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा एक महिने तालिम प्राप्त शिक्षकको प्रतिशत | | ८० | १०० |
| १.४ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | | ८३ | ९० |
| १.५ | कक्षा १ मा कुल भर्ना दर | | ११० | १०२ |
| १.६ | कक्षा १ मा खुद भर्ना दर | | ९७ | १०० |
| १.७ | आधारभुत शिक्षामा (कक्षा १-८) कुल भर्ना दर | १०३.९क | १०१ | १०० |
| १.८ | आधारभुत शिक्षामा (कक्षा १-८) खुद भर्ना दर | ९३.८ | ९६ | १०० |
| १.९ | आधारभुत शिक्षामा (कक्षा १-८) खुद भर्नामा दरमा लैंगिक समता सूचकांक | | १ | १ |
| १.१० | कक्षा ८ मा टिकाउ दर | | ९५ | ९८ |
| १.११ | आधारभूत तह पुरा गर्नेको दर | | ९० | ९५ |
| १.१२ | आधारभुत शिक्षा (५-१२ बर्ष उमेर) का बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | ४ | ० |
| १.१३ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | | ३५ | ४५ |
| १.१३.१ | कक्षा ८ मा विद्यार्थीको सिकाइ उपलब्धीको प्राप्तांक प्रतिशत | गणित: - | ५४ | ६२ |
| १.१३.२ | | अंग्रेजी: - | ४९ | ६० |
| १.१३.३ | | नेपाली: - | ५२ | ६१ |
| १.१३.४ | | विज्ञान: - | ४८ | ६० |
| १.१३.५ | | सामाजिक: - | ५५ | ६३ |
| **२. माध्यमिक शिक्षा** | | | | |
| २.१ | माध्यमिक शिक्षा कक्षा ९-१२ को कुल भर्ना दर | १११.८ | १०५ | १०३ |
| २.२ | माध्यमिक शिक्षा कक्षा ९-१२ को खुद भर्ना दर | ५२.६ | ७५ | ८५ |
| २.३ | कक्षा १० सम्मको टिकाउ दर | | ७० | ८० |
| २.४ | कक्षा १२ सम्मको टिकाउ दर | | ६५ | ७५ |
| २.५ | एसीईतह पूरा गर्नेको प्रतिशत | | ७३ | ८० |
| २.६ | माध्यमिक शिक्षामा (कक्षा ९-१२) खुद भर्नामा दरमा लैंगिक समता सूचकांक | | १ | १ |
| २.७ | प्राविधिक बिषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थीको संख्या | | ३५ | ५५ |
| **३. अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा** | | | | |
| ३.१ | साक्षरता दर (६ वर्ष माथि) | | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | साक्षरता दर (१५-२४ बर्ष) | | १०० | १०० |
| ३.३ | साक्षरता (१५ वर्ष माथि) | ६२.२९ | १०० | १०० |
| **४. शिक्षक ब्यबस्थापन तथा पेशागत विकास** | | | | |
| ४.१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | १५.५१ | ३३ | ४५ |
| ४.२ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | १० | २५ | ३३ |
| ४.३ | तालिम प्राप्त शिक्षकको प्रतिशत | | ८५ | ९५ |
| **५. क्षेत्रगत आर्थिक ब्यबस्था** | | | | |
| ५.१ | शिक्षा स्थानीय बजेटको कुल प्रतिशत | | १५ | २० |
| **६. विद्यालय सुशासन, समबेशिता र पारदर्शिता** | | | | |
| ६.१ | गाउँ शिक्षा समिति, विद्यालय ब्यबस्थापन समिति र शिक्षक अविभावक संघमा महिला प्रतिनिधित्व | | ३३ | ४० |
| ६.२ | सहभागिमुलक ढंगले विद्यालय सुधार योजना बनाउने विद्यालय संख्या | | १८ | १८ |
| ६.३ | बार्षिक रुपमा विद्यालयको लेखा परिक्षण र बृहद सामाजिक परिक्षण गर्ने विद्यालयको संख्या | | १८ | १८ |

स्रोत: क) फ्ल्यास १ प्रतिवेदन २०७५

# ९. पाँच बर्षे कार्य योजना

## योजना कार्यान्वयनका लागि क्रियाकलाप सहितको ५ वर्षे कार्ययोजना

| क्र.स. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समय सिमा (आ.व.) | | | | | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ /०७९ | २०७९ /०८० | २०८० /०८१ | २०८१ /०८२ | २०८२ /०८३ | |
| १ | प्रारम्भिक वाल शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अँगको रुपमा विकास गर्ने । | ✓ वालविकास केन्द्र नभएका छायल, माँग्री,पाँपु, चितै, दोल्फु र किम्रीमा विद्यालयमा आधारित वाल विकास केन्द्रको स्थापना गर्ने ।<br>✓ गाउँपालिकाको पुल, चितैकुना ,रिउसवगर जस्ता नयाँ स्थापना भई विकास भएका वस्तिहरुमा समुदायमा आधारित वाल विकास केन्द्रको स्थापना गर्ने ।<br>✓ नयाँ स्थापना भएका वालविकास केन्द्रहरुमा वाल विकास सहयोगी कार्यकर्ताको नियुक्ती गर्ने । | गाउँपालिका तथा सम्वन्धित वडा<br>"<br>" | ✓ | ✓ | | ✓<br>✓ | | २००० |
| २ | प्रारम्भिक वाल विकास केन्द्रको प्रभावकारी व्यवस्थापन मार्फत गुणस्तर सुधार गर्ने । | ✓ वाल विकास केन्द्रका लागि अलगै भवनको व्यवस्था गर्ने ।<br>✓ सवै वाल विकास केन्द्रका लागि न्युनतम आवाश्यक सामग्रीको व्यवस्था गर्ने ।<br>✓ उत्कृष्ट कार्यसम्पादन र सिकाई वातावरण भएका २ वटा वाल विकास केन्द्रलाई आवाश्यक पुर्ण प्याकेजका सामग्रीहरुको व्यवस्था गर्ने । | गाउँपालिका सम्वन्धित वडा र विद्यालय<br>"<br>" | | | | ✓ | ✓<br>✓ | ५००० |
| ३ | निशुल्क तथा अनिवार्य शिक्षाको मापदण्ड अनुसार | ✓ सवै वडा तथा वस्तिहरुमा अभिभावक शिक्षा सँचालन गर्ने | गाउँपालिका तथा अन्य गै.स.स. | | ✓ | | | | ६००० |

| क्र.स. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समय सिमा (आ.व.) | | | | | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| | गाउँपालिका भित्रका सवै वालवालिकाहरु लाई शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नका लागि सरोकारवालाहरुलाई क्षमतावान तथा जवाफदेही वनाउने । | ✓ गाउँपालिका विद्यार्थी भर्ना अभियान सँचालन गर्ने<br>✓ विपन्न लक्षित छात्रवृती कार्यक्रम सँचालन गर्ने ।<br>✓ आवासिय विद्यालयमा भौतिक पुर्वाधारहरुको विस्तार गर्ने ।<br>✓ अपाङग लक्षित छात्रवृति कार्यक्रम<br>✓ दिवाखाजालाई व्यवस्थित वनाउन मापदण्ड निर्माण गर्ने ।<br>✓ शिक्षक कार्यमुलक अनुसन्धान शुरु गर्ने<br>✓ .सिरानचौर र चितैकुनामा घुम्ति विद्यालय सँचालन गर्ने । | ,,<br>,,<br>गाउँपालिका ,प्रदेश तथा सँघिय सरकार<br>गाउँपालिका<br>गाउँपालिका<br>,,<br>,,<br>,, | | ✓<br>✓<br>✓<br>✓<br>✓<br>✓<br>✓ | | | | |
| ४ | आफ्नै समुदायमा अनिवार्य आधारभुत शिक्षा सम्मको पहुँच स्थापना गर्ने तथा माध्यमिक तह सम्मको निशुल्क शिक्षाका लागि आवाश्यक सँरचना र साधनस्रोतहरुको व्यवस्थापन गर्दै लैजाने । | ✓ वुद्ध मा.वि.माँग्रीमा छात्रावास हेरचाह तथा अन्य व्यवस्थापनका लागि जनशक्ती व्यवस्थापन गर्ने ।<br>✓ आवासिय विद्यालय लाई कक्षा ८ सम्म सँचालन गर्ने ।<br>✓ आवासिय विद्यालयमा सुविधा विस्तार | गाउँपालिका<br>,,<br>गाउँपालिका ,प्रदेश तथा सँघिय सरकार | ✓ | ✓ | | | ✓ | १0000 |
| ५. | गाउँपालिका भित्रका विद्यालयहरुको गुणस्तर सुधार मापदण्ड विकास गरी समान गुणस्तर कायम गर्ने । | ✓ माध्यमिक विद्यालमा विज्ञान प्रयोगशाला स्थापना ।<br>✓ सवै सामुदायिक विद्यालहरुमा पुस्तकालयको स्थापना ।<br>✓ प्रारम्भिक कक्षाहरुमा कक्षा शिक्षण | गाउँपालिका<br>,,<br>,, | | | | ✓<br>✓ | ✓ | २000 |

| क्र.स. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समय सिमा (आ.व.) | | | | | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| | | | | | | | | | |
| ६. | प्रारम्भिक कक्षा सिकाईलाई विशेष जोड दिने | ✓ मातृभाषाका सामग्री निर्माण ।<br>✓ वहुकक्षा वहुस्तर प्रणाली शुरु गर्ने ।<br>✓ विषगगत सिकाई कुनाहरुको निर्माण । | गाउँपालिका र गै.स.स.<br>गाउँपालिका तथा विद्यालय<br>,, | ✓ | | ✓<br>✓ | | | १००० |
| ७. | माग र आवाश्यकता दुवैको सम्वोधन हुने गरी विद्यालहरुमा वालमैत्री तथा अपाङ्गमैत्री नयाँ सँरचनाहरुको स्थापना तथा निर्माण एवं पुराना सँरचनाको मर्मत सँभार गर्दै लैजाने । | ✓ भौतिक सँरचनाहरुको विस्तृत योजना निर्माण<br>✓ SIP निर्माण ।<br>✓ अपाङ्गमैत्री भवन ,शौचालय, धारा निर्माण ।<br>✓ आवासिय विद्यालयमा आवास भवन , शौचालय र खेलमैदान निर्माण ।<br>✓ पुराना विद्यालय भवनहरुको मर्मत सँभार । | गाउँपालिका<br>,,<br>विद्यालय<br>गाउँपालिका तथा विद्यालय<br>,, | ✓ | ✓<br>✓<br>✓ | | | ✓ | १०००० |
| ८ | राज्य सँरचना परिवर्तन भए सँगै विद्यालय शिक्षा सँग सम्वन्धित सरोकारवालाहरुको परिवर्तित भुमिका अनुरुप विद्यालय सँचालन तथा व्यवस्थापनमा उनिहरुको क्षमतालाई अभिवृद्धी गर्ने । | ✓ अर्धवार्षिक रुपमा अभिमुखीकरण तथा पुर्नताजकिकरण तालिम ।<br>✓ अभिभावक तथा विद्यालय व्यवस्थान समतीका लागि अभिमुखीकरण<br>✓ अभिभावक शिक्षा सँचालन गर्ने ।<br>✓ विद्यालय स्वँमुल्याँकनका लागि फारम तथा रुज सुची विकास गर्ने ।<br>✓ अन्तरविद्यालय अनुभव अदान प्रदान कार्यक्रम | गाउँपालिका<br>गाउँपालिका तथा गै.स.स<br>गाउँपालिका तथा गै.स.स<br>गाउँपालिका तथा विद्यालय<br>,, | | ✓<br>✓<br>✓<br>✓<br>✓ | | | | १५०० |
| ९ | शैक्षिक सँस्थाहरुको कार्यसम्पादनमा आधारित अनुदान प्रणालीको विकास | ✓ विद्यालय कार्य सम्पादनमा आधारित अनुदानको व्यवस्था । | गाउँपालिका<br>,, | | ✓ | ✓ | | | ५०० |

| क.स. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समय सिमा (आ.व.) | | | | | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| | गरी सँस्थागत शुसासन र शैक्षिक गुणस्तर कायम गर्ने । | ✓ विद्यालयको परिवेश सुहाउदो थप आचारसँहिता निर्माण ।<br>✓ सरोकारवालाहरु वाट मासिक अनुगमन ।<br>✓ विद्यालय स्तरियवाल क्लव तथा गाउँपालिका स्तरिय वाल सँजालको गठन तथा अभिमुखिकरण ।<br>✓ कक्षा ५,८ र १० मा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने | विद्यालय<br>गाउँपालिका ,सम्वन्धित वडा,वि.व्य.स.<br>गाउँपालिका तथा विद्यालय<br>गाउँपालिका | ✓ | ✓<br>✓ | | | | |
| १०. | शैक्षिक क्षति न्युनिकरण गर्दै शैक्षिक गुणस्तर कायम गर्नका लागि शैक्षिक पुर्वाधारहरुको स्थापना तथा विकास गर्दै लैजाने । | ✓ हरेक शैक्षिक सँस्थामा ईन्टरनेट सेवाको विस्तार । | गाउँपालिका तथा गै.स.स. | | | ✓ | | | ३००० |
| | | ✓ विद्यालयहरुमा कम्प्युटर ल्यावको स्थापना । | ,, | | | | | ✓ | |
| | | ✓ वाल तथा अपाङ्गमैत्री कक्षाकोठाका लागि आवाश्यक सामग्री व्यवस्थापन । | गाउँपालिका | | | | ✓ | | |
| | | ✓ प्राथमिक उपचारको लागि AId BOX को व्यवस्था | गाउँपालिका तथ विद्यालय | ✓ | | | | | |
| | | ✓ तोकिएका विद्यालयहरुमा सेनेटरी प्याड वैंक स्थापना | ,, | ✓ | | | | | |
| | | ✓ तोकिएको उमेर समुहका विद्यार्थीहरुका लागि यौन तथा मनोचिकित्सा शिक्षा सम्वन्धि स्रोत कक्षा | ,, | | ✓ | | | | |

| क्र.स. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समय सिमा (आ.व.) | | | | | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| ११ | प्राविधिक शिक्षामा सहज पहुँच स्थापना गरी निम्न तथा मध्यम स्तरको प्राविधिक जनशक्ती उत्पादन गर्नका लागि प्राविधिक शिक्षालाई व्यापक वनाई शैक्षिक सँस्थाहरुलाई सदृढ गर्दै लैजाने । | ✓ वुद्ध मा.वि.माँग्रीमा थप जडीवुटी तथा वनस्पति सम्वन्धि प्राविधिक धारको शिक्षा सँचालन गर्ने ।<br>✓ प्राविधिक धार अनुसारको प्रयोगशाला स्थापना<br>✓ प्राविधिक शिक्षामा छात्रवृतीको व्यवस्था ।<br>✓ प्राविधिक प्रशिक्षकहरुका लागि आवधिक तालिम । | सँघिय ,प्रादेशिक सरकार र गाउँपालिका<br>गाउँपालिका तथा गै.स.स.<br>गाउँपालिका<br>,, | | | | ✓<br>✓<br>✓<br>✓ | | १०००० |
| १२ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई जिम्मेवार र जवाफदेही वनाउने । | ✓ हरेक वर्ष उत्कृष्ट ५ जना शिक्षक पुरस्कृत<br>✓ नवप्रवेशीका लागि कम्तिमा १५ दिने सेवा प्रवेश तालिम । | गाउँपालिका<br>,, | ✓ | ✓ | | | | ५०० |
| १३ | गाउँपालिका भित्र वौद्ध शिक्षाको अध्ययन गर्ने अवसरको सिर्जना गर्ने | ✓ वौद्ध शिक्षा सम्मिलित स्थानिय पाठ्यक्रम निर्माण<br>✓ वौद्ध शिक्षाका लागि शिक्षकको व्यवस्था | गाउँपालिका<br>,, | ✓<br>✓ | | | | | ५००० |
| १४ | युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्दै साक्षर गाउँपालिका बनाउने | ✓ कार्यमूलक प्रौढ साक्षरता कार्यक्रम संचालन<br>✓ सामुदायिक सिकाई केन्द्र संचालन<br>✓ साक्षर गाउँपालिका अभियान संचालन | गाउँपालिका | ✓ | ✓ | ✓ | | | ५००० |

## १०. रणनैतिक योजनाको अनुगमन, सिंहावलोकन, संसोधन र मुल्यांकन

यो रणनैतिक योजनाको कार्यान्वयन र अनुगमनको लागि गाउँपालिका, शिक्षा शाखा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, सबै विद्यालय व्यवस्थापन समितिहरु सक्रिय रहनेछन् । हरेक बर्ष योजनाका सूचकहरुको आधारमा तथ्यांक तथा अपेक्षित उपलब्धिहरुलाई अध्यावधिक गरिनेछ । तीन बर्ष पुगेपछी शिक्षा विज्ञको सहयोगमा योजनाको सिंहावलोकन र मध्यावधी मुल्यांकन गरिनेछ र सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागिता र मुल्यांकनको निष्कर्ष र सिफारिसको आधारमा योजनालाई संशोधन गरिनेछ । साथै, योजना कार्यन्वयनको पाँच बर्ष पुगेपछि अन्तिम मुल्यांकन गरि दोस्रो रणनैतिक योजनाको लागि प्रमाण सहितको आधार तयार गरिनेछ ।

## सन्दर्भ सामग्री


कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२), नेपालको संविधान, काठमाण्डौ : नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

मुगुम  कार्मारोङ गाउँपालिका (२०७६), मुगुम  कार्मारोङ गाउँपालिका शिक्षा ऐन, २०७६, पुलु, मुगु : मुगुम कार्मारोङ गाउँपालिका ।

मुगुम  कार्मारोङ गाउँपालिका (२०७४), मुगुम  कार्मारोङ गाउँपालिका पोषण पार्स्वचीत्र, पुलु, मुगु : मुगुम कार्मारोङ गाउँपालिका ।

नेपाल कानुन आयोग (२०७५), अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५, काठमाण्डौ : नेपाल कानुन आयोग ।

राष्ट्रिय  योजना आयोग (२०७६), पन्ध्रौँ  योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) आधार पत्र, सिंहदरबार,  काठमाण्डौ :  राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७६०, राष्ट्रिय शिक्षा नीति, २०७६,काठमाण्डौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०७३), विद्यालय  क्षेत्र विकास योजना वि. सं. २०७३/०७४-२०७९/०८०, काठमाण्डौ : शिक्षा मन्त्रालय, नेपाल सरकार ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, (२०७५), फ्ल्यास १ प्रतिवेदन, सानोठिमी : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार ।